# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय वस्तु हो । कुनैपनि विषयको शिक्षण गर्नुपूर्व तथा शैक्षणिक योजना बनाउनका लागि त्यससँग सम्बन्धी पाठ्क्रमको निर्माण आवश्यक हुन्छ । जसमा शिक्षार्थीको रुचि , स्तरअनुरूप पाठ्यक्रमको निर्माण गरिएको हुन्छ । त्यसैगरी पाठ्यक्रममा आधारित रहेर त्यसको पाठ्यवस्तुको निर्माण गरिएको हुन्छ ।

पाठ्यक्रम र पाठ्यपुस्तकको व्याख्या विश्लेषण सम्बन्धी अध्ययन अनुसन्धान गर्नु कुनै नौलो कुरा होइन । किनभने पाठ्यक्रम अनुरूपताका आधारमा पाठ्यपुस्तक तथा त्यसभित्र रहेका विधाहरूको अध्ययन विश्लेषण यस भन्दापूर्व धेरै विद्वानहरूबाट गरिएको पाइन्छ । पाठ्यक्रम विद्यार्थीको रुचि, क्षमता, स्तर, पारिवारिक पृष्ठभूमि आदिलाई मध्यनजर गर्दै निर्माण गरिनु पर्ने हुन्छ । त्यसैगरी पाठ्यक्रमलाई अगाडि लगाई अर्थात् त्यही पाठ्यक्रमको मार्गनिर्देशमा त्यसको पाठ्यवस्तु तथा त्यसभित्र रहेका विधा र भाषिक सीप विकासका कार्यहरू समावेश गरिनु उचित हुन्छ ।

वर्तमान परिप्रेक्ष्यलाई हेर्दा पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक तथा त्यसभित्र रहेका विधाहरू के कस्ता छन् भन्ने कुरा धेरै शोधकार्यहरूबाट जानककारी भएको देखिन्छ । तर वर्तमान कक्षा ६ को नेपाली (२०७०) संशोधन भई हालैमात्र संचालन हुन थालेकाले यसमा भएका सबल र दुर्बल केलाउनु आवश्यक ठानिएको छ , जस अनुसार यस पाठ्यपुस्तकभित्र समाविष्ट कथाहरूको पाठ्यक्रम अनुरूपतालाई अध्ययन विश्लेषण गर्दा पुरानो पाठ्यक्रम तथा पाठ्यपुस्तकभित्र रहेका कथा र तिनीहरूको अभ्यासलाई तुलना गर्दा खासै धेरै भिन्नता पाइदैन तर पनि अभ्यास र मूल्याङ्कन प्रक्रियामा भने केही हदसम्म सुधारात्मक पक्ष देख्न सकिन्छ । त्यसैले संशोधन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई अझ बढी आधुनिक तथा व्यवस्थित ढङ्गबाट निर्माण गरिएको खण्डमा भाषिक सीप विकासको लक्ष्य पूरा हुने देखिन्छ । त्यसैकारण उक्त शीर्षक उपयोगी बन्न पुगेको छ ।

## १.२ समस्या कथन

भाषिक सीप विकास गर्नका लागि निम्न माध्यमिक तहको पाठ्यपुस्तकमा कथा विधा राखिएको छ । भाषिक सीप विकासका निमित्त कथालाई सर्वोत्तम तथा महत्त्वपूर्ण विषय मानिन्छ । कथाले भाषा पाठ्यपुस्तकलाई उपयोगी बनाउन मद्दत पुऱ्याएको देखिन्छ । त्यसैले यसलाई भाषा पाठ्यपुस्तकको प्रस्तुतीकरणमा विशेष स्थान दिएर समावेश गरिएको छ । यस तहको पाठ्यपुस्तकको प्रस्तुतीकरण यस्ता किसिमका शब्द, वाक्य तथा पाठ्यविषयहरू पुस्तकमा समावेश गर्दा बढी भन्दा बढी विद्यार्थीले बुझ्न सक्छन् र आउँदा दिनहरूमा परिमार्जित नेपाली पाठ्यपुस्तकमा स्तर सुहाउँदा पाठहरू राखेर विद्यार्थीहरूलाई भाषिक सीपको विकास गरी राष्ट्रिय आवश्यकता पुरा गर्ने कार्यमा सहयोग पुऱ्याउनुमा यस अध्ययनको महत्त्वपूर्ण भूमिका रहने देखिन्छ ।

भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधा विद्यालय तथा विद्यार्थीहरूको स्तर, रुचि र क्षमाताअनुसारको भएमा मात्र कथा विधाले विद्यार्थीहरूको मानसिक, बौद्धिक, सामाजिक, नैतिक आदि विकासमा प्रभाव पार्दछ । जीवन, दर्शन, ज्ञान वृद्धिको सहायक, मानसिक सन्तुष्टिको प्रेरक साथै आत्मानुभुतिको माध्यम बन्दछ । यस पाठ्यपुस्तक (कक्षा ६) मा राखिएका कथाहरूमा पाठ्यक्रमको उद्देश्यअनुसार भाषिक सीप विकास, शब्द संयोजन, लालित्य, प्राकृतिक मनोरमको उत्कृष्टता आदिका निम्ति विद्यार्थी जागरुक भई साहित्य भण्डार वृद्धिमा योगदान दिने मानसिकताको विकास गराउन सक्षम देखिँदैन । यस तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूबाट भाषिक सीप हासिल गर्न जीवनोपयोगी, स्तर सुहाउँदा शब्द र वाक्य प्रयोग गर्न असक्षम नै देखिन्छ । पाठ्यपुस्तकमा समाविष्ट संरचना उस्तै फितलो पाइन्छ । छनोट र स्तरणमा भने त्यति उचित मान्न सकिने अवस्था देखिँदैन । जसले गर्दा विद्यार्थीहरूमा कथाले शिल्प र शब्द भण्डार विकासका साथै भाषिक क्षमता बढाउन र व्यक्तिभित्र रहेका प्रतिभाहरूलाई प्रस्फुटन गराउन त्यति प्रभावकारी बन्न सकेको देखिँदैन ।कथाको अध्ययन पश्चात विद्यार्थीहरूलाई कथा लेख्न प्रेरणा दिने खालका अभ्यासहरूको अभाव तथा विद्यार्थीहरू केवल पढ्नमा मात्र प्रेरित देखिन्छ । आफ्नो गाउँ टोल वा परिवेशअनुसार सामाजिक वातावरण र समाजमा घट्न सक्ने विभिन्न घटनाहरूलाई कथानक बनाई लेख्न प्रेरणा जगाउने अभ्यासको आवश्यकता देख्न सकिन्छ । यस कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू क्लिष्ट र सरल कथाहरूको

तादाम्यता मिलाउनका लागि त्यसको अध्ययन, व्याख्या, विश्लेषण गर्नु जरुरी देखिन्छ । भाषको सिर्जनात्मक अभिव्यक्ति क्षमताको विकास गर्न भाषा पाठ्यपुस्तकमा समावेश गरिएका अध्ययन एवम् अनुसन्धान आजको परिवेशमा निकै महत्त्वपूर्ण मानिएको पाइन्छ । कक्षा ६ को यस पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन तथा विश्लेषण गर्नका लागि विभिन्न समस्याहरूलाई समेटिएको छ ।

प्रस्तुत अध्ययन अनुसन्धान निम्न अनुसारका समस्यामा आधारित रहेको छ :

(१) कक्षा ६ को वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रमअनुसार छन् ?

(२) उक्त कथाहरूबाट के कस्ता उद्देश्यहरूको परिपूर्ति हुन सक्छ ?

(३) उक्त पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको छनोट, स्तरण तथा मूल्याङ्कन प्रक्रिया स्तर अनुकूल छन् ?

(४) उक्त पाठ्यपुस्तकमा समाविष्ट कथाहरूमा के कस्ता कमीकमजोरी तथा कुनकुन पक्षमा सुधार गर्नु आवश्य छ ?

## १.३ अध्ययनको औचित्य

कुनै पनि भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्देश गरेअनुसारका विधा उपयुक्त ढंगले राखिएका छन् छैनन् भन्ने कुराको पहिचान गर्नु आवश्यक देखिन्छ । यसले भाषा पाठ्यपुस्तकले विद्यार्थीलाई भाषिक सीप विकासका लागि उमेर वा स्तरअनुरूप आवश्यक सहयोग गर्न सकेको छ छैन भन्ने कुराको खोजी गरी सत्य कुरा पत्ता लगाई सोहीअनुसार अगाडि बढ्न सही मार्गनिर्देश गर्दछ । त्यसैले यस शोधकार्यमा पनि कक्षा ६ को नेपाली ( २०७०) पाठ्यपुस्तकमा समाविष्ट कथाहरू सम्बन्धित पाठ्यक्रमको उद्देश्यअनुरूप छन् कि छैनन् , पाठ्यपुस्तक निर्माणमा भाषा पाठ्यपुस्तक निर्माणको सिद्धान्तलाई कति हदसम्म अपनाइएको छ ,पाठ्यपुस्तकको आन्तरिक र बाह्य उपयुक्त छ कि छैन र उक्त कथाहरूमा के कस्ता कमीकमजोरीहरू रहेका छन् भन्ने कुराहरूलाई अध्ययन विश्लेषण गरी केलाइएको छ ।

यस अध्ययनबाट अगाडि ल्याइएको निष्कर्षले सम्बन्धित विधाको संशोधनका लागि आवश्यक मार्गनिर्देश गर्ने भएकाले  र यस सम्बन्धी अध्ययनका लागि समेत सहयोगी हुने भएकाले प्रस्तुत अध्ययन औचित्यपूर्ण ठानिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि कार्य गर्नुपूर्व कुनै न कुनै उद्देश्यहरू रहेका हुन्छन् । जसले गर्दा अध्ययनलाई विशिष्ट र व्यवहारिक बनाउने गर्दछ । त्यसैले यस शोधकार्यमा पनि निम्न उद्देश्यहरू समाविष्ट गरिएका छन् :

(१) पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ६ को नेपाली (२०७०) पाठ्यपुस्तकमा सानविष्ट कथाहरूको विश्लेषण गर्नु ।

(२) कथा विधाको छनोटबाट पूराहुने उद्देश्यहरूको विश्लेषण गर्नु ।

(३) उक्त कथाहरूको छनोट,स्तरण तथा मूल्याङ्कनको स्तरअनुकूलता हेर्नु ।

(४) उक्त कथामा रहेका सबल र दुर्बल पक्ष पत्ता लगाई कमी कमजोरीहरूका लागि निराकरणका उपायहरूको खोजी गर्नु ।

## १.५ अध्ययनको महत्त्व

यस अध्ययन भन्दा पूर्व कोही कसैबाट पनि नभएकाले यस अध्ययनको आफ्नै महत्त्व रहेको छ । कथा विधमा विभिन्न अनुसन्धान गरिएको भए तापनि यस कक्षा ६ को नेपाली  (२०७०) पाठ्यक्रमको संशोधन पश्चात यसको अध्ययन कसैबाट नभएको तथा यो पाठ्यक्रम हालैमात्र संशोधित भएकाले यस पाठ्यक्रम तथा यस पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन विश्लेषण नभएकाले यो अध्ययन बढी महत्त्वपूर्ण ठानिएको छ । विभिन्न अनुसन्धानबाट आएका उचित सल्लाह र सुझाव अर्थात विद्यार्थीको रुचि स्तरलाई ख्याल गरी संशोधन भएको छ कि छैन भनी यस अध्ययनले व्याख्या विश्लेषण गरेको छ । यस अध्ययनले भावी भाषा पाठ्यपुस्तक निर्माता तथा सम्बन्धित निकायलाई पाठ्यपुस्तकमा साहित्यिक विधाहरू समावेश गरी पाठ्यक्रमको मर्म र आवश्यकताको सीप विकास गर्ने ध्येयले यसैका परिप्रेक्ष्यमा तह अनुसारका कथाहरू समावेश गर्नु उपयुक्त हुन्छ । अर्थात् परिमार्जित पाठ्यपुस्तकमा पनि खासै भिन्नता नदेखिएको र यसका बारेमा आवश्यक सुझाव

प्राप्त हुने विश्वास लिइएको छ । त्यसै अनुरूप भाषा शिक्षणलाई गति प्रदान गर्न यस अध्ययनले आवश्यक कुरा दिने विश्वासले यो अध्ययन नयाँ विषयवस्तु तथा नयाँ पाठ्यक्रममा आधारित भएकाले महत्त्वपूर्ण ठानिएको छ ।

## १.६ अध्ययनको सीमा

प्रस्तुत शोधकार्य अध्ययनकर्ताको स्नातकोत्तर तहको आंशिक पाठ्यभार परिपूर्ति गर्ने प्रयोजनका लागि भएको हुँदा समयको सीमितता, आर्थिक समस्या, सामग्री र स्रोतहरूको कमी आदिको कारनले यस अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

(१) यो अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित कक्षा ६ को नेपाली (२०७०) पाठ्यपुस्तकमा समाविष्ट कथाहरूमा मात्र सीमित रहेको छ ।

(२) उक्त विधाको अध्ययन विश्लेषण पाठ्यक्रम अनुरूपताका आधारबाट हेरिएको छ ।

(३) पाठ्यपुस्तक र पाठ्यविधा विश्लेषण सम्बन्धी आधारहरूका आधारमा उक्त विधाहरूको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

(४) उक्त विधाका सबल र दुर्बल पक्षहरू केलाई सुझावहरू प्रस्तुत गर्नमा सीमित रहेको छ ।

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

पाठ्यक्रम अनुरूपताका आधारमा विभिन्न तहमा पाठ्यपुस्तकहरूका बारेमा विद्वानहरूले अध्ययन गरेको पाइन्छ । खासगरी विधाहरूको छनोट, स्तरण जस्ता पक्षमा केन्द्रित भई विद्वानहरूले सैद्धान्तिक एवम् प्रायोगिकरूपमा पाठ्यपुस्तकको अध्ययन गरेको देखिन्छ । यस सम्बन्धी अध्ययनलाई निम्नानुसार कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :

अधिकारी र शर्मा (२०५४) ले नेपाली भाषा शिक्षण विधि उल्लेख गर्नुका साथै उक्त पुस्तकको परिशिष्टमा नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषण गरेको पाइन्छ । उक्त अध्ययनमा प्राथमिक तहको पाठ्यक्रम अनुसार पाठ्यपुस्तक हुन नसकेको, विधाहरूको चयन गरिए तापनि सङ्ख्यामा कम भएको र पाठको प्रस्तुति, विषयवस्तु, विस्तार भाषाशैली आदि जस्ता पक्षहरू कक्षा १मा सन्तोषजनक नै भए तापनि अन्य कक्षामा नभेटिएको उल्लेख पाइन्छ । उक्त विश्लेषणमा अभ्यास पक्ष पनि कतै कम र कतै अनावश्यक रूपमा पुनरावृत्ति र सिर्जनशील अभ्यासभन्दा परम्परागत प्रवृत्ति तर्फ ढल्केको निष्कर्ष निकालिएको पाइन्छ ।

अधिकारी (२०५५) ले स्नातकोत्तर तहका लागि तयार पारेको शोधपत्र " कक्षा ६ को हम्रो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन"मा पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकमा कथा नभएको, कथाका संरचनामा आदि, मध्य र अन्त्य भागमा एकरूपता नभएको, केही कथाहरू विद्यार्थीको स्तर भन्दा माथि रहेका, लोककथाको बाहुल्य रहेको, अभ्यासको स्तर पनि उपयुक्त नभएको जनाइएको छ । यस अध्ययनले समग्र पाठ्यपुस्तकको अध्ययनलाई टेवा नदिए तापनि कथा विधामा भावी अध्येतालाई भने सहयोग मिल्ने देखिन्छ ।

दाहाल (२०५५) मा " निम्न माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन" मा पाठ्यक्रम र पाठ्यपुस्तकको घनिष्ट सम्बन्ध देखाउँदै उक्त तहमा पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक तय नभएको, आधुनिक र लोककथा मात्र समावेश भएका, त्यसो हुँदाहुँदै पनि कथाको आयाम मध्य र अन्त्य भागमा बढी

केन्द्रित भएको तथा पाठ पछिका अभ्यासहरूमा विविधता नपाएको निष्कर्ष निकालिएको पाइन्छ ।

अधिकारी र शर्मा (२०५७) द्‌वारा लिखित “ नेपाली भाषा शिक्षण ”नामक पुस्तकमा कथा शिक्षणको औचित्य, भाषा तत्वको विकासमा कथाको उपयोगिताबारे चर्चा गरिएको पाइन्छ । उक्त पुस्तकमा विद्‌यालय तहमा राखिएका लोककथा, आधुनिक कथा जस्ता कथाहरू पढेर, सुनेर तिनका खास पात्र वा घटनाहरू परिवर्तन गरेर त्यसै किसिमका अर्को कथा बनाई वा त्यही कथा अर्को प्रसङ्गमा लिखित रूपमा प्रस्तुत गरेर शिक्षार्थीलाई प्रोत्साहन गरी सिर्जनात्मकतातर्फ प्रेरित गर्न सकिन्छ भन्ने शिक्षा दिएको पाइन्छ । त्यसैले कथा शिक्षणको महत्त्व स्पष्ट हुने देखिन्छ (अधिकारी र शर्मा २०५७:१२८) ।

अधिककारी (२०५७) ले “ कक्षा ६ को हाम्रो नेपाली किताब र कक्षा ८ को हाम्रो नेपाली किताबमा प्रयुक्त जीवनीका पाठहरूको तुलनात्मक अध्ययन”शोधग्रन्थमा विद्‌यार्थीको रुचि पक्षलाई ध्यान नदिएको निष्कर्ष निकालिएको पाइन्छ ।

पौडेल (२०५८) को “ कक्षा ६ को हाम्रो नेपाली किताब र सरल नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन ” शोधकार्यमा दुई पाठ्‌यपुस्तकको आन्तरिक र बाह्य विशेषताका आधारमा अध्ययन गरिएको छ । यस अध्ययनमा विद्‌यार्थीहरूको रुचि र मनोवैज्ञानिक पक्षलाई बेवास्ता गरेको निष्कर्ष निकालिएको पाइन्छ ।

राय (२०६२) ले “ भाषा पाठ्‌यक्रम र पाठ्‌यपुस्तकका आधारबाट कक्षा ६ को हाम्रो नेपाली किताबको अध्ययन विश्लेषण ” नामक शोधग्रन्थमा अभ्यासको सङ्ख्यामा कमी भएको, लैङ्गिक समानता, भौगोलिक, साँस्कृतिक समानता झल्किने विषयवस्तुलाई स्थान नदिइएको र सीपलाई भन्दा ज्ञानलाई बढी प्राथमिकता दिइएको तथा आवरण र मूल्यमा सुलभता नदेखिएको निष्कर्ष निकालिएको पाइन्छ ।

कोइराला (२०६२) ले “ कक्षा ६ को हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन” शीर्षकको शोधपत्रमा कक्षा ६ को नेपाली पाठ्‌यपुस्तकमा पाठ्‌यक्रम अनुरूप भए नभएको, बाह्य र आनरिक विशेषताका आधारमा विश्लेषण गरिएको पाइन्छ । पाठ्‌यपुस्तकमा समावेश भएका पाठ्‌यसामग्रीहरू पाठ्‌यक्रमको उद्‌देश्य अनुरूप नभएको र सङ्ख्यात्मकरूपमा

विधागत पाठहरू थप गर्नुपर्ने, केही शब्दहरू स्तर अनुकूल नभएका र कुनै पाठहरू विद्यार्थीलाई बुझ्न कठिन हुने निष्कर्ष निकालिएको पाइन्छ ।

थापा (२०६४) को " नेपाली भाषा शिक्षणका सिलसिलामा कक्षा ८, ९ र १० का महेन्द्रमालाबाट समाविष्ट लोककथाहरूको प्रभाव सम्बन्धी अध्ययन " मा विद्यार्थीहरूमा लोक कथाहरूको प्रभाव निकै राम्रो तथा लोककथा पढ्न रुचाउने र पाठ्यपुस्तकमा लोककथा राख्नु आवश्यक ठानिएको निष्कर्ष निकालिएको पाइन्छ ।

यसरी विभिन्न विद्वानहरूले विभिन्न शीर्षकहरूमा प्रस्तुत गरिएका शोधकार्यका निष्कर्षलाई हेर्दा, वर्तमान कक्षा ६ को नेपाली पाठ्यपुस्तक (२०७०) मा समाविष्ट कथाहरूको अध्ययन विश्लेषण कोही कसैबाट पनि भएको नदेखिएकाले उक्त विषयमा अध्ययन गर्नु आवश्यक ठानिएको छ ।

## २.२ पूर्वकार्य अध्ययनको तात्पर्य

यसरी प्रस्तुत विषयमा केन्द्रित रही यस पूर्व उल्लिखित विद्वान तथा अनुसन्धाताहरूले शोधकार्य गरेको देखिन्छ । यी अध्ययनहरूलाई हेर्दा, अधिकारी र शर्मा (२०५४) ले नेपाली भाषा शिक्षणमा सिर्जनशील अभ्यासभन्दा परम्परित प्रवृत्तितर्फ ढल्केको निष्कर्ष निकालेको पाइन्छ । त्यसैगरी दाहाल(२०५५) ले निम्न माध्यमिक तहका कथाहरूको विश्लेषण गरी पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकको तय नभएको तथा अभ्यासमा विविधता नभएको निष्कर्ष प्राप्त भएको छ । पौडेल (२०५८) ले रुचि र मनोवैज्ञानिक पक्षलाई बेवास्ता गरेको निष्कर्षमा पूगेको पाइन्छ । राय(२०६२) ले सीपलाई भन्दा ज्ञानलाई बढी प्रथमिकता दिइएको निष्कर्ष देखिएको छ । कोइराला (२०६२) ले पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक नभएको तथा स्तर अनुकूल नदेखिएको निष्कर्ष प्रस्तुत गरिएको पाइन्छ ।

यसरी विभिन्न विद्वानहरूले विभिन्न शीर्षकमा प्रस्तुत गरिएका शोधकार्यका निष्कर्षहरूलाई हेर्दा यस कक्षा ६ को पाठ्यक्रम २०६९ हालैमात्र संशोधन भई त्यसको पाठ्यपुस्तक र त्यसभित्र रहेका कथाहरूको अध्ययन र व्याख्या विश्लेषण तथा सबल र दुर्बल पक्षहरूको खोजी गरी निराकरणका उपायहरू पत्ता लगाउनु एक नौलो विषयवस्तु देखिएको छ । त्यसै कारणले यो शोधकार्य कहीं कसैबाट नभएको तथा विलकूलै नौलो

पाठ्यक्रमलाई आधारित बनाई यससँग सम्बन्धित पाठ्यपुस्तकभित्र समाविष्ट कथाहरूको अध्ययन विश्लेषण गर्नु समस्याको विषय बनाइएको छ ।

## २.३ सैद्धान्तिक अवधारणा

### २.३.१ पाठ्यक्रमको परिचय

पाठ्यक्रलाई अंग्रेजीमा curriculum भनिन्छ । यो curriculum शब्द ल्याटिन भाषको currere शब्दबाट बनेको हो । currere शब्दको अर्थ to run  अथवा दौडनु भन्ने हुन्छ । यसबाट curriculum शब्दको अर्थ दौडको मैदान (run way) भन्ने बुझिन्छ (भण्डारी, २०६८) । यहाँ शिक्षा लिनुलाई दौडका रूपमा र पाठ्यक्रमलाई बाटो वा मैदानका रूपकमा लिन सकिन्छ ।

शिक्षारूपी दौडलाई पाठ्यक्रमरूपी मैदानमा दौडाएर आफ्नो गन्तव्य स्थान वा सिकाइ उपलब्मिा पुग्न सफल हुन्छ र लक्ष्य प्राप्ति गर्दछ ( भण्डारी, २०६८) ।

पाठ्यक्रम भन्ने शब्दले नै एक किसिमको अवधारणा व्यक्त गरेको पाइन्छ । जस्तैः पाठ्यक्रम (शृङ्खला) भन्ने अर्थले पाठ्यक्रम पठनपाठनसँग सम्बन्धित हुन्छ र त्यसमा पढाउने कुराको एउटा पद्दति, प्रक्रिया वा शृङ्खला हुन्छ । पाठ्यक्रमलाई के, कसरी,कहिले पढाउँने भन्ने विषयको दस्तावेजका रूपमा प्रयोग गरिएको पाएन्छ  (भण्डारी, २०६८) ।

पाठ्यक्रममा शिक्षाको राष्ट्रिय यद्देश्य, कक्षागत उद्देश्य, विषयगत उद्देश्य पूरा गर्ने पाठ्यांश, पाठ्यांश मिल्दो अध्ययन विधि, शिक्षण क्रियाकलाप, शैक्षिक सामग्री तथा मूल्याङ्कन विधिहरू समेत विस्तृतरूपमा उल्लेख गरिएको हुन्छ ( शर्मा २०६४) ।

भण्डारी (२०६८) का अनुसार विभिन्न विद्वानहरूले पाठ्यक्रमलाई यसरी परिभाषित गरेको पाइन्छ :

शिक्षाको लक्ष्य हासिल गर्न बनाइएको योजनालाई पाठ्यक्रम भनिन्छ  रा. शि. प. यो. २०२८ पाठ्यक्रम कलाकार (शिक्षक) का हातको एउटा औजार हो, जसका माध्यमबाट उसले आफ्नो स्टुडियोभित्र (विद्यालयभित्र) पदार्थलाई (विद्यार्थीलाई) आफ्नो विचारमा ( लक्ष्यमा) परिवर्तित गर्दछ । कनिङ्घम

पाठ्यक्रम सिकाइको एक योजना हो ।           हिल्डा टावा

शिक्षाका उद्देश्यहरू प्राप्तिका लागि विद्यालय तथा शिक्षकहरूद्वारा विद्यार्थीहरूका लागि तयार गरिएको योजना र निर्देशन अनुसारको सम्पूर्ण अनुभवहरूलाई पाठ्यक्रम भनिन्छ । युनेस्को

विभिन्न विद्वानहरूका परिभाषाहरूको अध्ययनबाट समष्टिरूपमा पाठ्यक्रमलाई यसरी परिभाषित गर्न सकिन्छ:

शैक्षिक लक्ष्य प्राप्तिका लागि एवम् विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि तयार गरिएको व्यवस्थित क्रियाकलापको खाका तथा सिकाइ अनुभवहरूको सङ्गालोका रूपमा रहेको शैक्षिक कार्यक्रमको एक वृहत् एवम् सम्पूर्ण योजनालाई नै पाठ्यक्रम भनिन्छ ।

### २.३.२ भाषा पाठ्यक्रमको परिचय

मानव मानव बीचमा एक आपसमा सूचना, विचार, भावना आदिलाई सम्प्रेषण गर्ने सशक्त माध्यम नै भाषा हो (भण्डारी, २०६८) । त्यसैलाई विचार विनिमयको साधन पनि भन्ने गरिन्छ । यो विभिन्न वाक प्रतीकहरूका माध्यमले व्यक्त हुने गर्दछ । मानवीय जीवनको ज्ञान, सीप, दर्शन, कला, अनुभव, अनुभूतिहरूको आदान,प्रदान, संरक्षण र संम्बर्धन गर्ने कार्य भाषाले नै गरेको हुन्छ । भाषा समाजमै उत्पादन भई त्यसमै प्रयोग हुने गर्दछ ।

हरेक भाषाका चारवटा सीपहरू (पढाइ, लेखाइ, सुनाइ, बोलाइ) हुने गर्दछन् । यी नै चारवटा सीपहरूको विकास गर्नै लक्ष्य राखी भाषा शिक्षण गर्ने गरिन्छ । तसर्थ उक्त भाषाको सिकाइलाई लक्ष्यसम्म पुर्याउन भाषा सिकाइ सम्बन्धी योजनाबद्धरूपमा तयार पारिएको दस्तावेजलाई नै भाषा पाठ्यक्रम भन्ने गरिन्छ (भण्डारी, २०६८)। भाषिक सीप विकास गर्नका लागि भाषा पाठ्यक्रमको आवश्यक पर्ने गर्दछ । भाषा पाठ्यक्रममा भाषिक उद्देश्य, भाषिक विषयवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कनको उल्लेख गरिएको हुन्छ । भाषा सिकाइका लागि निर्धारण गरिएका उद्देश्यहरूको उपलब्धि तहसम्म पुग्नका लागि बनाइएको कार्यक्रमलाई नै भाषा पाठ्यक्रमका रूपमा चिनिनछ (भण्डारी, २०६८) । भाषा सिकाइको वास्तविक लक्ष्य र अर्थ प्राप्त गर्ने साधनका रूपमा भाषा पाठ्यक्रमलाई लिइनु सान्दर्भिक ठहर्छ ।

भण्डारी (२०६८) का अनुसार विभिन्न विद्वानहरले भाषा पाठ्यक्रमलाई यसरी परिभाषित गरेको पाइन्छ :

.भाषा पाठ्यक्रम भन्नाले भाषिक उद्देश्य, भाषिक विषयवस्तु, भाषिक प्रक्रिया, भाषिक स्रोत र भाषिक मूल्याङ्कनका साधन भन्ने बुझिन्छ , जसलाई विद्यालयभित्र तथा बाहिर कक्षा शिक्षण वा सम्बन्धित कार्यक्रमद्वारा पूरा गर्ने योजनाबद्ध प्रयास गरिएको हुन्छ ।

माधवप्रसाद पौडेल

भाषा पाठ्यक्रम भाषा शिक्षणको एक योजना हो । हिल्डा टावा

भाषा शिक्षणको लक्ष्य तथा उद्देश्य हासिल गर्न बनाइएको एक वृहत् कार्यक्रमलाई भाषा पाठ्यक्रम भन्न सकिन्छ ।

विभिन्न विद्वाहरूका परिभाषाहरूलाई अध्ययन गरी समष्टि रूपमा भन्दा, विद्यालयभित्र वा बाहिर भाषिक कार्यकलापसँग सम्बन्ध राख्ने भाषिक प्रयास सहितको सम्पूर्ण वृहत् योजनालाई नै भाषा पाठ्यक्रम भन्न सकिन्छ ।

भाषा पाठ्यक्रम एउटा व्यवस्थित भाषिक कार्यक्रम हो ।भाषाका चार सीपहरूको शिक्षण तथा विकासको कार्यकलापसँग सम्बन्धित हुने भएकाले भाषा पाठ्यक्रमको प्रकृति अभ्यासात्मक किसिमको हुन्छ । यसको अर्थ भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) तथा भाषिक पक्ष (शब्दभण्डार, व्याकरण, सम्प्रेषणात्मक क्षमता ) को विकास गर्नु भएकाले यसमा भाषा नै साधन र साध्य हुन्छ । त्यसैले भाषा पाठ्यक्रम अन्य पाठ्यक्रम भन्दा जटिल प्रकृतिको हुन्छ ।

### २.३.३ पाठ्यक्रमका अङ्गहरू

वास्तवमा पाठ्यक्रम एउटा सिकाइको योजना हो । तोकिएको अवधिमा विद्यार्थीहरूले आफ्नो उमेर र क्षमता अनुसार के कस्ता सीपहरू हासिल गर्न सक्छन् भन्ने कुरा पाठ्यक्रममा समावेश गरिएको हुन्छ (अधिकारी २०६९) । खासगरी पाठ्यक्रमका अङ्गहरूमा निम्न कुराहरू समाविष्ट हुन्छन्:

**१. उद्देश्य**

पाठ्यक्रमको निर्माण सर्वप्रथम उद्देश्यबाट नै सुरु हुने गर्दछ । कुनै पनि शैक्षिक कार्यक्रम कार्यान्वयनपछि अपेक्षा गरिएका नतिजाहरूको कथनलाई उद्देश्य भनिन्छ (अधिकारी, २०६९) । कुनै पनि शैक्षिक कार्यक्रमको माध्यमद्वारा बालबालिकाहरूलाई ज्ञान, सीप प्रदान गरेर उनीहरूको व्यवहारको सकारात्मक परिवर्तन हुनु नै उद्देश्य प्राप्ति हुनु हो ।

**२. पाठ्यवस्तु**

पाठ्यक्रममा उद्देश्यहरू निर्धारण गरिसकेपछि पाठ्यवस्तुको छनोट गर्नुपर्ने हुन्छ । कक्षाकोठाभित्र र बाहिर शिक्षक र विद्यार्थीहरूको अन्तरक्रियाको लागि दिइएको विषयवस्तुलाई पाठ्यवस्तु भनिन्छ (अधिकारी, २०६९) । पाठ्यवस्तुको निर्धारण उद्देश्यले गर्ने गर्दछ । बालबालिकाहरूको शारीरिक, मानसिक विकासक्रमलाई समेत ध्यानमा राखेर पाठ्यक्रममा पाठ्यवस्तु समावेश गरिएको हुन्छ ।

**३. क्रियाकलाप**

शैक्षिक उद्देश्य प्राप्त गर्न शिक्षकले विद्यार्थीहरूलाई पाठ्यवस्तु दिंदा कक्षाभित्र गरिने कार्यलाई नै शैक्षिक क्रियाकलाप भनिन्छ (अधिकारी, २०६९) । ज्ञान र सीप हासिल गराउन विद्यार्थी र शिक्षक बीचमा हुने अर्न्तक्रिया क्रियाकलाप अन्तर्गत पर्दछ । क्रियाकलापमा शिक्षण र सिकाइ समावेह भएका हुन्छन् ।

**४. सामग्री**

शिक्षण सिकाइलाई प्रभावकारीरूपमा प्रस्तुत गार्नका लागि प्रयोग गरिने चीज वा वस्तु नै शैक्षिक सामग्री अर्न्तगत पर्दछन् (अधिकारी, २०६९) । उद्देश्य प्राप्ति गर्न सामग्रीले प्रत्यक्षरूपमा सहयोगी भूमिका खेलेको हुन्छ । पाठअनुरूपको शैक्षिक सामग्रीहरूको सूचि पाठ्यक्रममानै उल्लेख गरिएको हुन्छ ।

**५.मूल्याङ्कन**

शैक्षिक उद्‌देश्य अनुसारको सिकाइ उपलब्धि हासिल भयो भएन भनी थाहा पाउन मूल्याङ्कनको आवश्यकता पर्दछ (अधिकारी, २०६९)। यो औपचारिक वा अनौपचारिक दुवै प्रक्रियाबाट गर्न सकिन्छ । शैक्षिक उपलब्धि कति मात्रामा हासिल भयो भनेर मूल्याङ्कन गर्ने विभिन्न साधन तथा माध्यमहरू हुन्छन् । प्रत्येक एकाइको अन्त्यपछि कुन साधनद्‌वारा कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा पाठ्यक्रममा स्पष्टरूपमा उल्लेख गरिएको हुन्छ ।

### २.३.४ भाषा पाठ्यक्रमका अङ्गहरू

भाषा पाठ्यक्रम भन्नाले भाषाका चार सीप (पढाइ, लेखाइ, सुनाइ,बोलाइ) र भाषिक पक्ष ( व्याकरण, शब्दभण्डार, सम्प्रेषणत्मक क्षमता) सिकाइको शिक्षण गर्न बनाइएको एक योजना हो । यसले भाषा सम्बन्धी सिकाइको उद्‌देश्य निर्धारण गरी उद्‌देश्य अनुरूपको सिकाइ उपलब्धिको मापन समेत गर्दछ । भाषा सिकाइको उद्‌देश्यदेखि लक्ष्य प्राप्तिको अवधिसम्म गरिने कार्यहरूको सूचीलाई नै भाषा पाठ्यक्रमका अङ्ग भनेर चिनिन्छ ।

### १.उद्‌देश्य

भाषिक सीपहरू र भाषिक पक्षहरूको शिक्षण नै भाषा शिक्षण भएकाले भाषा पाठ्यक्रमको उद्‌देश्य सीप र पक्षको शिक्षण गर्ने कुरासँग सम्बन्धित हुन्छ । भाषा पाठ्यक्रमले राखेका उद्‌देश्यहरू भाषासँगै सम्बद्ध हुन्छन् । अन्य पाठ्यक्रमले सीप नभएर विषय र अवधारणाको शिक्षण गराउँछ भने भाषा पाठ्यक्रमले भाषिक सीप र भाषिक पक्षको शिक्षण गराउँने लक्ष्य राखेको हुन्छ । भाषा पाठ्यक्रममा भाषा प्रमुख र विषयवस्तु गौण रूपमा रहेका हुन्छन् ।

### २.विषयवस्तु

भाषा पाठ्यक्रममा विषयवस्तु विविध क्षेत्रबाट लिइएका तथा विषयको ज्ञान मात्र नभई प्रयोजनपरक भाषिक सीप र ज्ञान प्रदान गर्ने खालका हुन्छन् । भाषा पाठ्यक्रममा छनोट गरिएका विविध क्षेत्रबाट विषयवस्तु विभिन्न विधाका रूपमा परिणत गरी प्रस्तुत गरिएका हुन्छन् । भाषा पाठ्यक्रममा पहिलो भाषी र दोस्रो भाषी विद्‌यार्थीका लागि फरकफरक प्रकृतिका विषयवस्तु समावेश गरिएका हुन्छन् ।

### ३. शिक्षण प्रक्रिया

भाषा पाठ्यक्रममा शिक्षण विधिहरू विद्यार्थी केन्द्रित हुनु राम्रो मानिन्छ । किनकि यसमा सीप तथा कलाको प्रभावकारी ढंगले विकास हुनु पर्दछ । त्यसका लागि विद्यार्थीको निरन्तर अभ्यास, प्रयोग तथा व्यवहारको जरुरत पर्दछ । भाषा पाठ्यक्रमले सीप विकासको अभ्यास र पुनरावृत्तिमा जोड दिएको हुन्छ ।

### ४. शैक्षिक सामग्री

भाषा पाठ्यक्रमले सिफरिस गरेका शैक्षिक सामग्री भाषिक सीप विकास र प्रभावकारितासँग सम्बन्धित रहनु पर्दछ । भाषाका पढाइ, लेखाइ, सुनाइ, बोलाइ चारै ओटा सीपसँग सम्बद्ध सामग्रीबाट उद्देश्य अनुसार भाषिक सीप विकास गराउन सकिन्छ । यसका साथसाथै भाषिक पक्षको पनि विकास गराई उद्देश्य अनुरूप सिकाइ उपलब्धि हासिल गराउन सकिन्छ ।

### ५. मूल्याङ्कन प्रक्रिया

मूल्याङ्कन भन्ने वित्तिकै लिखित परीक्षालाई मात्र सम्झनु हुँदैन अझ भाषा पाठ्यक्रमका सन्दर्भमा त चार ओटा भाषिक सीपको नै मूल्याङ्कन गर्ने प्रक्रिया अपनाइनु पर्दछ । भाषिक उपलब्धि प्रवर्धनमा सहायक हुने र सवलीकृत गर्ने प्रयोग अभ्यासमा भाषा पाठ्यक्रमको मूल्याङ्कन केन्द्रित रहेको हुन्छ । भाषा पाठ्यक्रममा मूल्याङ्कन प्रक्रियाहरू असीमित हुन्छन् । भाषाको सीप र विद्यार्थीहरूको तह अनुसार अङ्कभार छुट्याइएको हुन्छ । यसरी मूल्याङ्कनका सम्पूर्ण कुराहरू भाषा र भाषाको शिक्षणमा नै केन्द्रित रहन्छन् ।

## २.३.५ भाषा पाठ्यपुस्तकको परिचय

भाषिक सीप विकास गर्नका लागि भाषा पाठ्यपुस्तकको आवश्यकता पर्दछ । पाठ्यपुस्तक र पुस्तकलाई पनि विभिन्न विद्वानहरूले विभिन्न विश्लेषण मार्फत् छुट्टा छुट्टै परिभाषित गरिएको पाइन्छ । विभिन्न विद्वानहरूका विश्लेषणको निष्कर्षलाई हेर्दा, विषयजन्य ज्ञानको स्वतन्त्र प्रकटीकरण भएका एक वा अनेक विचारको ग्रन्थ नै पुस्तक हो भने पाठ्यक्रमले गरेका अपेक्षा परिपूर्ति गर्ने ध्येय राखेर (एकल वा विविध विषय र क्षेत्रका

पाठ्यवस्तु सङ्कलन, सम्पादन वा लेखन गरिएको)  खास तह, कक्षा र विषयका निमित्त प्रस्तावित र अनुमोदित पुस्तकलाई नै पाठ्यपुस्तक भन्न सकिन्छ (ढकाल, २०६८।६९:१२०) ।

भाषा पाठ्यपुस्तक खास तह र कक्षाका निमित्त पाठ्यक्रमका भाषिक अपेक्षाहरू ( सिकाइ उपलब्धिहरू )परिपूर्ति गर्ने गरी विषय विशेषज्ञहरूद्वारा सङ्कलन, सम्पादन वा लेखन गरिएका पाठ्यवस्तुहरू छनोट र स्तरण गरी प्रस्तावित र अनुमोदित महत्त्वपूर्ण शिक्षण तथा सिकाइ सामग्री हो । यो सरल, सहज, विश्वसनीय, सुलभ, रुचिपूर्ण र भरपर्दो साधन हो । भाषिक र भाषेत्तर विषयको संयोजन पर्याप्त अभ्यास र आवृत्तिको अवसर दिई भाषिक सीपहरू हासिल गराउँने माध्यम भाषा पाठ्यपुस्तक हो । यसले विद्यार्थी, शिक्षक, अभिभावक, निरीक्षक र प्रशासनको गन्तव्य र काम कर्तव्यलाई निश्चित र आश्वस्त पार्दछ । समसामयीक आवश्यकता र भावी चुनौतीको सहज सामना गर्न सक्ने योग्य र सक्षम नागरिक उत्पादन गर्ने राष्ट्रको सोच पूरा गर्ने महत्त्वपूर्ण कडी का रूपमा पनि भाषा पाठ्यपुस्तकलाई लिन सकिन्छ । विद्यार्थीलाई के पढ्ने भन्ने चिन्ताबाट र शिक्षकलाई के, कसरी र कुन क्रममा पढाउने भन्ने चिन्ताबाट मुक्त बनाउने साधन भाषा पाठ्यपुस्तक शिक्षण तथा सिकाइका सिद्धान्तलाई ख्याल गरेर लेखन वा सम्पादन गरिने भएको हुँदा सरोकार राख्ने सबैलाई आश्वस्त बनाउन सक्ने उपाय पनि हो भन्न सकिन्छ (ढकाल, २०६९।६९:१२२) ।

### २.४.१ भाषा पाठ्यवस्तुको छनोट र स्तरण

### २.४.२ भाषा पाठ्यवस्तुको छनोट र यसका आधारहरू

निश्चित तह, स्तर, रुचि र आवश्यकता आदिको निर्धारण भाषा सिकाइ सिद्धान्तका आधारमा हुने गर्दछ । विद्यार्थीहरूको पृष्ठभूमिलाई ख्याल गरेर पाठ्यवस्तुहरू छनोट गरिन्छ । यसमा भाषको छनोट भन्दा पनि सम्बन्धित भाषामा अन्तर्निहित पक्षलाई कसरी सीकाउने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । विद्यार्थी अनुकूल सामग्रीको छनोट गर्दा उपयुक्तताको राम्रो ख्याल गर्नु पर्ने हुन्छ । यसका साथै भाषाको ज्ञान विद्यार्थीले कुन रूपमा चाहेको हो, सो भाषा सिक्नुको उद्देश्य के हो आदि कुराको पनि जानकारी लिनु आवश्यक हुन्छ ।

विद्यार्थीको भाषिक समुदाय, स्रोत भाषा र लक्ष्य भाषा बीचको सम्बन्ध, भाषिक पृष्ठभूमि, त्रुटि आदि कुराहरू पाठ्यवस्तु छनोटका उल्लेखनीय आधारहरू मानिन्छन् (शर्मा, २०६८) । यसमा विद्यार्थीहरूको पृष्ठभूमि अनुरूपका सामग्रीहरूको छनोट गरिन्छ ।

### २.४.३ पाठ्यवस्तु छनोटका आधारहरू

. **आवृत्तिः**

भाषा प्रयोगका सन्दर्भमा बारम्बार दोहोरिइरहेका ध्वनि, वर्ण, शब्द, पदावली,वाक्य तथा तिनका विविध ढाँचा मध्ये बढी आवृत्ति हुने एकाइलाई आधार मान्नु पर्दछ ।

. **विस्तरणः**

वर्ण, रुपिम, रूप, पद, पदावली, उपवाक्य जस्ता भाषिक एकाइहरू सम्बन्धित एकाइका सुरु, बीच र अन्त्यमा कसरी विस्तार वा वितरण भएका छन् भन्ने कुरालाई आधार बनाउनु पर्दछ ।

. **प्राप्यताः**

भाषा प्रयोगको खास सन्दर्भमा तत्परताका साथ उपयोगमा आउने एकाइलाई र त्यस सन्दर्भमा प्राप्य हुने एकाइलाई छनोटमा प्राथमिकता दिनु पर्दछ ।

. **व्यापनः**

एक भन्दा बढी अर्थ संरचना र अभिप्रायका निम्ति उपयोगमा आउने गुणलाई आधार बनाउनु पर्दछ । यस सन्दर्भमा परिभाषा गर्न सक्ने गुण भएका, समावेश गर्न सक्ने गुण भएका, समायोजित हुन सक्ने गुण भएका, अर्थ विस्तार गर्न सक्ने गुण भएका सामग्रीहरूलाई छनोटमा आधार मान्नु पर्दछ ।

. सिकारुका मनोवैज्ञानिक पक्ष र भाषा शिक्षणका शैक्षणिक पक्षहरूलाई आधार बनाउनु पर्दछ :

### २.४.४ भाषा पाठ्यवस्तुको स्तरण र यसका आधारहरू

शिक्षण कार्यको व्यावहारिकतालाई ध्यानमा राखी भाषिक नियमहरू तथा पाठहरूको छनोट र स्तरण गर्नु पर्दछ । स्तरणको सिद्धान्त व्यावहारिक विश्लेषण एवम् सहजतामा आधारित हुन्छ । स्तरणको सिद्धान्तका आधारमा शिक्षण प्रक्रिया ज्ञातबाट अज्ञाततिर, सरलबाट जटिलतिर जस्ता शिक्षण सूत्रहरू अनुरूप अघि बढ्दछ । छनोट गरिएका पाठ्यवस्तुहरूको स्तरण गरिने आधारहरू क्रमबद्ध हुनु पर्दछ । यस्तो स्तरण भाषाको संरचनात्मक संयोजन अतिरिक्त विद्यार्थीहरूको अभिवृत्ति र त्यससँग सम्बन्धित सिकाइ प्रक्रिया, लक्ष्य भाषाको सामाजिक एवम् साँस्कृतिक पृष्ठभूमिसँग पनि सम्बन्धित हुन्छ । भाषा पाठ्यवस्तुको स्तरणलाई भाषा वैज्ञानिक तहमा मात्र सीमित नगरी सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञानसँग पनि सम्बन्धित गराउनु पर्दछ (शर्मा, २०६८)।

### २.४.५ पाठ्यवस्तु स्तरणका आधारहरू

**.पङ्क्तीय वा रेखीय स्तरणः**

पाठ्यवस्तुलाई एकपछि अर्को गर्दै पङ्तिबद्ध गरी प्रस्तुत गरिने प्रक्रियालाई पङ्तिय वा रेखीय स्तरण भनिन्छ ।

**. चक्रिय स्तरणः**

भाषिक सीप अभिबृद्धि गर्नका लागि पाठ्यक्रमको उद्देश्य अनुसार छनोट गरिएका सामग्रीहरूलाई नियमितरूपमा घुमाई फिराई आवृत्ति गर्दै सङ्गठित गर्ने प्रक्रियालाई चक्रिय स्तरण भनिन्छ ।

**. परम्परागत स्तरणः**

विद्यार्थीहरूको मनोवैज्ञानिक प्रक्रिया र शैक्षणिक आधारलाई महत्त्व नदिई पाठ्यवस्तुलाई स्तरण गर्ने प्रक्रियालाई परम्परागत स्तरण भनिन्छ ।

**. व्याकरणात्मक स्तरणः**

व्याकरणात्मक नियमको विकास गराउने गरी पाठ्यवस्तु वा भाषा तत्वको स्तरणा गर्ने प्रक्रियालाई व्याकरणात्मक स्तरण भनिन्छ ।

. **सम्प्रेषणात्मक स्तरणः**

भाषिक सामर्थ्य वा भाषाका नियमहरूको ज्ञानलाई भन्दा सम्प्रेषणात्मक अभिव्यक्तिगत सामर्थ्यलाई महत्त्व दिई भाषा तत्वलाई स्तरण गर्ने पद्धतिलाई सम्प्रेषणात्मक सतरण भनिन्छ ।

. **प्रकार्यात्मक स्तरणः**

भाषाका विभिन्न प्रकार्य हुन्छन् । अनुरोध, सूचना, समर्थन, विरोध, स्वीकृति, परिहास, ठट्टा, संवाद, सल्लाह आदि भाषाका यस्तै प्रकार्य हुन् वा वक्ताले यिनै कार्य सम्पन्न गर्न भाषाको प्रयोग गर्ने गर्दछ । यस सन्दर्भमा भाषाको प्रकार्य अनुरूपको भाषिक क्षमता अभिवृद्धि गर्ने गरी भाषा तत्व वा पाठ्यवस्तुलाई स्तरण गर्ने कामलाई प्रकार्यात्मक स्तरण भनिन्छ (न्यौपाने, (२०७०) ।

## २.५.१ कक्षा ६ को नेपाली भाषा पाठ्यक्रमको परिचय

निम्न माधमिक तहको पाठ्यक्रम (२०६९) ले नेपाली विषयका लागि १०० पूर्णाङ्क र साप्ताहिक पाठ्यभार ५ राखेको छ । विद्यालय तहको शैक्षिक कार्यकलापमा नेपाली भाषाको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ ।नेपाली भाषा विषयलाई अनिवार्य विषयका रूपमा दिइएको पाइन्छ । नेपाली भाषा विषयको शिक्षण भनेको भाषामा दक्षता अभिवृद्धि गर्नुका साथै अन्य विषयको पठनपाठनको माध्यमलाई पनि सहयोग हुने गरी बोध पक्ष र अभिव्यक्तिको विकास गर्नु हो । नेपाली भाषाको पाठ्यक्रमको उद्देश्य भनेको साहित्यको अध्ययन गर्नु गराउनु मात्र नभई भाषिक सीप तथा भाषिक पक्षको समेत विकास गर्नु हो । नेपाली भाषा नेपालको साझा एवम् सम्पर्कको भाषाका रूपमा रहेकाले नेपाली साहित्यका विभिन्न विधाका रचनाहरूका माध्यमबाट भाषिक सीप र सिर्जनात्मक क्षमताको विकास गर्नु नै नेपाली भाषाको प्रमुख उद्देश्य मानिन्छ ( नेपाली भाषा पाठ्यक्रम २०६९) । त्यसैले यसै अनुरूप नेपाली भाषाको पाठ्यक्रममा समय सापेक्ष विषयवस्तु, व्याकरण र सिर्जनात्मक सीप अभिवृद्धि गर्न सक्ने विषयहरू समेट्ने प्रयास गरिएको पाइन्छ । यसरी हेर्दा नेपाली भाषाको मूल प्रयोजन भनेको साहित्यका माध्यमबाट भाषिक दक्षता अभिवृद्धि गराउनु र आधारभूत व्याकरण सिकाउनु हो । त्यसैले यसका लागि यस विषयको पाठ्यक्रमलाई समय सापेक्ष र स्तरयुक्त बनाउने प्रयास गरिएको देखिन्छ ।

### २.५.२ आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ को परिचय

आधारभूत शिक्षा (कक्षा १ ५)को पाठ्यक्रम परिमार्जन भई शैक्षिक सत्र २०६९ बाट मुलुकभरी कार्यान्वयनमा आइसकेको छ । शिक्षा नियमावलीको चौथो संशोधन (२०६६ । ०५ । १७) ले कक्षा १८ लाई आधारभूत तह मानेको छ । विद्यालय क्षेत्र सुधार योजनाले कक्षा १ ८ लाई आधारभूत तहका रूपमा विकसित गर्ने नीतिगत व्यवस्था गरेको छ ( आधारभूत शिक्षा पाठ्यक्रम २०६९) भने राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ ले आधारभूत तहको शैक्षिक संरचना एवम् पाठ्यक्रममा समायोजन गर्ने व्यवस्था गरेको पाइन्छ । निम्न माध्यमिक तहको पाठ्यक्रम २०५० को सामान्य परिमार्जन २०५८ मा भई कार्यन्वयनमा आएको १० शैक्षिक सत्र समेत पूरा भई सकेकाले २०६७ । ०३ । २० को राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदको निर्णय अनुसार आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६ ८) पाठ्यक्रम संरचना परीक्षणका लागि स्वीकृत भएकोमा देशका १८ जिल्लाबाट १०० विद्यालयमा परीक्षण गरी परीक्षणको पृष्ठपोषण समेत समेटी यो तयार पारिएको हो (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) । राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदको २०६९ । ०५ । ०८ को बैठकबाट स्वीकृति प्राप्त भई नेपाल सरकारबबाट मिति २०६९।०६।१० बाट कार्यान्वयनमा लैजाने निर्णय भए अनुसार यसलाई विद्यालय तहको कक्षा ६ बाट क्रमशः कार्यान्वयनमा ल्याइएको पाइन्छ (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९) ।

सूचना तथा सञ्चारका माध्यम, नागरिक समाज, पेसा तथा व्यवसायमा बढेको प्रतिस्पर्धा, राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रबाट पाठ्यक्रमलाई सान्दर्भिक तथा समावेशी बनाउन सकारात्मक सल्लाह प्राप्त हुँदै आएको पाइन्छ । त्यसैले पाठ्यक्रका विषयवस्तुको समायोजन र परिमार्जन गर्नु आवश्यक ठहरिन पुगेको देखिन्छ । त्यसैले कक्षा १-५ र कक्षा ९-१० पाठ्यक्रम बीचको कक्षा ६-८ को पाठ्यक्रम परिमार्जन गरिएको पाइन्छ । विद्यालय शिक्षाबाट प्रदान गरिने सक्षमताहरू पहिचान गरी विद्यालय शिक्षालाई स्तरीय, सान्दर्भिक र जीवनोपयोगी तथा सक्षमतामा आधारित बनाउनु आवश्यक देखिएकाले आधारभूत तह पूर गरेका व्यक्तिले हासिल गर्नु पर्ने सक्षमता र उक्त सक्षमता प्राप्तिका निमित्त अत्यावश्यक विषयगत सक्षमता निर्धारण गरी पाठ्यक्रम विकास तथा परिमार्जन गरेको पाइन्छ ।

### २.५.३ आधारभूत तहका नेपाली पाठ्यक्रमका उद्देश्यहरू

भाषिक सामर्थ्य र सम्पादनलाई भाषाका मुख्य सक्षमता मानिन्छ । त्यसैले यस पाठ्यक्रमलाई मूलतः भाषिक सीप विकासका पक्षमा केन्द्रित गरिएको पाइन्छ । यसका लागि नेपाली भाषा पाठ्यक्रमले निम्न उद्देश्यहरू राखेको पाइन्छ (आधारभूत शिक्षा पाठ्यक्रम २०६९):

१. पाठ्यक्रमलाई समय सापेक्ष, उपयोगी र व्यवहारमूलक बनाउने

२. सक्षमतामा आधारित भाषिक सीपगत उद्देश्य निर्धारण गरी उपयुक्त पाठ्यवस्तुको छनोट एवम् सिमाङ्कन गर्ने

३. विद्यार्थीको पूर्व क्षमतामा आधारित रही माध्यमिक शिक्षाकोपूर्वाधार निर्माण गर्न सिकाइको आवश्यकता, रुचि र मानसिक दक्षता अनुसार पाठ्यवस्तुको विस्तारमा सचेतना अपनाउने

४.भाषिक सीपहरूको अभ्यासका लागि विविध क्षेत्रबाट उपयुक्त विषयवस्तु छनोटको अपेक्षा गरिएकाले सामाजिक, ऐतिहासिक, राजनीतिक, साँस्कृतिक, कला, विज्ञान र प्रविधि जस्ता विविध क्षेत्रका विधाहरूबाट भाषिक सीपको अभ्यास गराउने

५. भाषिक क्षमता अभिवृद्धिका लागि पुरकका रूपमा कार्यमूलक व्याकरणलाई समावेश गर्ने

६. विधाको क्षेत्र र क्रमलाई विस्तृत रूपमास्पष्ट पार्ने

७. पठनकौशल, रचना कौशल, शब्दभण्डार जस्ता पक्षमा जोड दिने

८. सन्तुलित र प्रभावकारी भाषाको मूल्याङ्कनका लागि पाठ्यवस्तु अनुरूप अङ्कभार निर्देश गर्ने

९. पाठ्य सामग्रीको प्रकृति र उद्देश्य अनुरूपको सिकाइ क्रियाकलाप गर्ने

### २.५.४ आधारभूत तह अन्तर्गत कक्षा ६ का कक्षागत सिकाइ उपलब्धिहरू

आधारभूत तह (कक्षा ६-८) अन्तर्गत कक्षा ६ का विद्यार्थीहरूले उक्त तहको पाठ्यक्रमको अन्त्यमा निम्न सिकाइ उपलब्धिहरू हासिल गर्न सक्षम हुनेछन् (आधारभूत शिक्षा पाठ्यक्रम, २०६९):

**सुनाइ र बोलाइ**

१. शब्दहरूमाप्रयुक्त उच्चार्य वर्णहरू सुनी तिनीहरूको भिन्नता पहिल्याउन

२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न

३. अरुले भनेका कुरा ध्यानपूर्वक सुन्न र भन्न

४. संचार माध्यमका सूचनाहरू सुन्न र भन्न

५ . सामान्य मौखिक वर्णनहरू सुनी मुख्य कुरा बताउन

६. कविता, गीत, कथा वर्णन र जीवनी सुनेर प्रतिक्रिया जनाउन

७. स साना कुराकानी, संवाद प्रश्नोत्तर आदिमा प्रभावकारी रूपमा भाग लिन

८. आफूले देखे सुनेका, अनुभव गरेका वस्तु, वातावरण र घटनाका विषयमा वर्णन गर्न

९. सिलसिला मिलाई हाउभाउ मिलाईबोल्न

१०. अनुभवका आधारमा सन्दर्भ र प्रसङ्ग मिलाई मौखिक रूपमा  प्रश्नोत्तर गर्न

११. भाषिक मौलिकता पहिचान गर्ने गरी वक्ताहरूको अभिव्यक्ति सुन्न

**पढाइ**

१. लिखित सामग्रीलाई गति, यति,लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न

२. विभिन्न विधाका पाठहरू आशयअनुसार पढ्न

३. मुख्य मुख्य कुराहरू बताउन सक्ने गरी विभिन्न पाठहरू पढ्न

४. विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरूको शुद्ध वाचन गर्न

५. प्रतिक्रिया दिन सक्ने गरी विभिन्न विधाका पठहरू सस्वर वाचन गर्न

६. पाठमा प्रयुक्त शब्दहरूको अर्थ बुझी पढ्न

७. विभिन्न विधाका पाठहरू शब्दभण्डार वृद्धि गर्न

८. विभिन्न मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न ।

**लेखाइ**

१. हिज्जे मिलाई सफा र शुद्धसँग लेख्न

२. लेख्य चिन्हहरूको ठिकसँग प्रयोग गर्न

३. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न

४. आफूले सुनेका, देखेका, अनुभव गरेका घटना, वस्तु तथा वातावरणको लिखित वर्णन गर्न

५. सुनेका, पढेका विषयवस्तुको सार लेख्न

६. अनुच्छेद, चिठी र निवेदन सिलसिला मिलाई लेख्न

७. आफ्नो रुचि अनुसारका विषयमा स साना मौलिक रचना गर्न

८. वाक्यमा सङ्गति मिलाई तिनको उपयुक्त प्रयोग गर्न

९. विशिष्ट अंशको भाव विस्तार व्याख्या गर्न

१०. व्याकरण सम्मत वाक्य रचना गर्न

**२.५.५ कक्षा ६ मा नेपाली कथा शिक्षणका प्रयोजन र उद्देश्य**

कथा शिक्षणबाट विद्यार्थीहरूलाई मनोरञ्जन, कौतुहलता प्राप्त हुनुका साथै कथाा प्रस्तुतीकरणको ढाँचा, कथनशैली र भाषिक क्षमता वृद्धि गर्नमा सहयोग पुग्दछ । कथा भनेको जीवन्त  र रोचक घटनासँग सम्बधित आफैंमा इतिवृत्ति हो । कथाले विद्यार्थीको मानसिक, सामाजिक र नैतिक विकासमा सकारात्मक प्रभाव पारेको हुन्छ । मानिसका सुखदुख, हर्षरोदन, जीवनका उकाली ओराली सबै कुराहरू कथामा प्रस्तुत गरी रोमाञ्चक

ढंगले प्रस्तुत गर्न सकिने भएकाले कथा विधाका माध्यमबाट भाषिक सीप सिकाउन भूमिका खेलेको हुन्छ । कथामा प्रयोग हुने भाषा सरल बोधगम्य हुनुका साथै उखानटुक्का र निपातको सुहाउँदो प्रयोग हुने हुँदा द्रुतपठनका लाग समेत यो उपयोगी हुन्छ । कथाका माध्यमबाट विद्यार्थीमा कल्पनाशक्ति र सिर्जनाशक्ति बढाउन सहयोग पुग्दछ ।

नेपाली भाषा पाठ्यक्रम २०६९ का अनुसार कथा शिक्षणको प्रयोजन यस प्रकार छन् :

१. कथानात्मकअभिव्यक्ति सीपको विकास गर्नु

२. शब्दभण्डारको वृद्धि गर्नु

३. कल्पनाशक्तिको विकास वृद्धि गर्नु

४. बोध क्षमताको विकास गर्नु

५. द्रुतपठन सीपको विकास गर्नु

६. तार्किक र सिर्जनात्मक क्षमताको वृद्धि गर्नु

७. उखानटुक्काको प्रयोगात्मक अभ्यास गर्नु

८. भाषा तत्व र व्याकरणसँग परिचित हुनु

९. लोक साहित्य प्रतिको अभिरुचिमा वृद्धि गर्नु

: नेपाली पाठ्यक्रम २०६९ का अनुसार कक्षा शिक्षणका निम्न उद्देश्यहरू रहेका छन्:

१. विद्यार्थीहरूमा कथनात्मक अभिव्यक्ति सीपको विकास गर्नु

२. विद्यार्थीमा स्पष्ट एवम् क्रमिकरूपले घटनाक्रम मिलान गर्न सक्ने विचार कथाबोधबाट उत्पन्न हुन सक्ने संवेगात्मक अनुभूति र कल्पनाशक्तिको विकास गर्न सक्ने क्षमताको अभिवृद्धि गर्नु

३. विद्यार्थीमा विभिन्न विषय क्षेत्रका शब्दभण्डारको विकास, उखानटुक्का र वाक्यांशको ज्ञान तथा प्रयोग गर्ने सुझको विकास गर्नु

### २.६.१ कक्षा ६ मा नेपाली कथा शिक्षणका विधिहरू

निम्न माध्यमिक तहको पाठ्यक्रमलाई हेर्दा प्रमुख रूपमा २ ओटा विधिहरू महत्त्वपूर्ण मानिन्छन् (नेपाली पाठ्यक्रम २०६९) ती हुन्:

**१. द्रुतपठन विधिः**

कथा यदि लामो छ भने कथाको कथानकप्रति परिचित हुन द्रुतपठन गर्नु आवश्यक हुन्छ । द्रुतपठनमा सबै कुराको सतही पढाइ मात्र हुने हुँदा यसको उद्देश्य गहन अध्ययन नभई सतही ज्ञान र कथानक बुझ्नु हो । यसले गर्दा द्रुतपठन गर्ने क्षमतामा विकास हुन्छ ।

**२. गहनपठन विधिः**

यसमा विद्यार्थीको स्तर अनुसार वाचन गर्नु पर्ने हुन्छ । गहनपठन गर्नाले गहिरिएर पढ्ने क्षमताको विकास हुन्छ । यसबाट बोध क्षमताको जाँच गर्न सकिन्छ ।

यसदेखि बाहेक अन्य शिक्षण विधिहरूको माध्यमबाट पनि कथा शिक्षण गर्न सकिन्छ तर यी विधिहरू भने निम्न माध्यमिक भन्दा पनि उच्च शिक्षा क्षेत्रमा लागू गर्न सकिन्छ । जस अन्तर्गत निम्न विधिहरू पर्दछन्

: व्याख्यान विधि

: छलफल (प्रश्नोत्तर विधि)

: तुलनाविधि

: समीक्षा विधि  आदि

### २.६.२ कक्षा ६ को नेपाली पाठ्यपुस्तकको परिचय

कक्षा ६ को नेपाली (२०७०) पाठ्यपुस्तकमा करीब १७ से. मी. चौडाइ तथा २४ से. मी. लम्बाइ रहेको छ । यस पाठ्यपुस्तकको बाहिरी गाताको सिरानमा करीब १ इन्च छोडेर भुईंमा रातो २ ओटा चेप्टा आकारका धर्काहरू कोरिएका छन् । त्यस भन्दा मुन्तिर थोरै ठाउँ छोडेर हल्का रातो रङ्मा गाढा रातो रङ्ले ठूलो अक्षरमा 'नेपाली' लेखिएको छ । त्यसभन्दा

थोरै तल कालो अक्षरमा ' कक्षा ६' लेखिएको छ । पुछारबाट करीब आधा इन्च जति छोडेर रातोले माथिको जस्तै २ ओटा धर्काहरू कोरिएका छन् । त्यसै गरी पछाडिपट्टिको सेतो भुईंमा कालो अक्षरले ' कक्षा ६ को कक्षागत गीत ' लेखिएको छ । त्यसदेखि मुनि हल्का रातो अक्षरले कक्षागत गीत पूरा लेखिएको छ । त्यसको तल पुछारमा बायाँपट्टि प्रकाशन तथा नेपाल सरकार शिक्षा मन्त्रालयको लोगो सहित ठेगाना, फोन नं. लेखिएको छ भने दायाँपट्टिको भागमा मूल्य रु. लेखिएको पाइन्छ ।

### २.६.३ कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट विधा तथा तिनीहरूको विवरण

कक्षा ६ को नेपाली (२०७०) पाठ्यपुस्तकमा जम्मा ६ ओटा विधाहरूतथा तिनका अभ्यासहरू रहेको पाइन्छ । जसमा अनुसार निम्न कुराहरू पर्दछन्:

**१. कथाः**

कक्षा ६ मा लोककथा वा नीतिकथा र पौराणिक वा ऐतिहासिक कथाहरू समाविष्ट भएको पाइन्छ ।

**२. कविताः**

छन्दोबद्ध, लोक कविताको छनोटलाई जोड दिएको पाइन्छ । यस्ता कविता लयात्मक, सरल र स्तर अनुकूल राखिएका छन् ।

**३. प्रबन्ध वा निबन्धः**

सामाजिक वा साँस्कृतिक, प्राकृतिक वा वातावरणीय, कलात्मक वा कला सम्बम्धी, वैज्ञानिक वा प्राविधिक जस्ता विषय क्षेत्रहरूबाट प्रबन्ध वा निबन्धहरू संयोजन गरिएको पाइन्छ ।

**४. रूपकः**

यस अन्तर्गत मौखिक अभिव्यक्तिसँग सम्बन्धित संवाद र वादविवादलाई लिइएको पाइन्छ । विद्यार्थीहरूको अनुभवको सेरोफेरोसँग सम्बन्धित स्तर सुहाउँदो विषयवस्तुमा आधारित भएर मौखिक अभिव्यक्तिको विविध पक्षको विकासका लागि रूपकको संयोजन गरिएको पाइन्छ ।

**५. जीवनीः**

यस अन्तर्गत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यकार वा कलाकार, आविष्कारक, प्रेरक व्यक्तित्व वा विचारकका जीवनीहरू समावेश गरिएको पाइन्छ । यसका सबै जीवनीहरू कक्षा अनुसार विषयक्षेत्रको सन्तुलन मिलाई राखिएको छ ।

**६. चिठीः**

यस अर्न्तगत घरायसी र कार्यलयीय चिठी पर्दछन् । कार्यलयीय चिठी भन्नाले विद्यालय र अन्य कार्यलयसँग सम्बद्ध निवेदन समेत पर्दछ ।

**७. कार्यमूलक व्याकरणः**

निम्न माध्यमिक तहमा व्याकरण समावेश गर्नुको अभिप्राय यसको सैद्धान्तिक ज्ञान गराउनु मात्र नभई विधाका पाठहरूको प्रकृति अनुसारका व्याकरणतत्वको पहिचान र तिनको उपयुक्त प्रयोग गर्ने क्षमता विकासका लागि यसलाई समावेश गरिएको देखिन्छ । व्याकरण भनेको भाषा प्रयोगमा अर्न्तनिहित संरचना एवम् व्यवस्था भएकाले यसलाई पाठभन्दा अलग नराखी हेरिनुका साथै क्षेत्र र क्रमलाई छुट्टाछुट्टै राखिए ता पनि व्याकरणलाई पाठसँग एकिकृत गरी सिकाइनु पर्ने देखिन्छ ।

यस तहमा शब्दहरूको शब्दोच्चारण समावेश गर्नुको उद्देश्य विद्यार्थीहरूमा रहेका उच्चारणगत कमीकमजोरीहरूलाई हटाउन ध्वनिगत र वर्णगत त्रुटिलाई उच्चारण अभ्यास गराउने क्रममा सस्वरवाचन गराउने तथा ध्वनि युग्म र शब्दयुग्मको उच्चारण गराउने क्रियाकलापको समावेश पाइन्छ ।

**८. शब्दभण्डारः**

पाठमा प्रयुक्त शब्दहरूलाई केन्द्रविन्दु मानी विभिन्न विषय क्षेत्रका शब्दभण्डारको विकास गराउने दृष्टिकोण यस अर्न्तगत राखिएको पाइन्छ । शब्दका विभिन्न अर्थ सम्बन्धहरू र विषय क्षेत्रगत विविधतालाई ख्याल राखी शब्दहरूको अर्थ र सन्दर्भपूर्ण प्रयोगमा जोड दिइने देखिन्छ । यस क्रममा प्रयुक्त र तत् सम्बन्धी उखान टुक्काहरूको प्रयोगलाई पनि समावेश गरिएको देखिन्छ । पर्यायवाची शब्द भन्नाले धेरै शब्दका एउटै अर्थ हुने र विपरीतार्थक भन्नाले उल्टो अर्थ दिने शब्द हुन् । शब्दकोशमा एक भन्दा बढी अर्थ

दिइएका शब्दहरू अनेकार्थी शब्दहरू हुन् । समावेशक र समावेश्य शब्दका रूपमा जनावर (समावेशक) र बाघ, भालु, गाई आदि (समावेश्य) लाई लिन सकिन्छ । परिभाषाद्वारा अर्थ लगाइने पारिभाषिक र प्रविधि सम्बद्ध शब्द प्राविधिक शब्द हुन् । आवाज, दृष्य आदिको अनुकरण सम्बद्ध अनुकरणात्मक हुन् भनी शब्दभण्डार वृद्धिको प्रयोजनका लागि यस्ता शब्द पनि समावेश गरिएको पाइन्छ ।

समग्रमा विभिन्न विधाका पाठहरू समावेश गर्दा विषय क्षेत्र र अभिव्यक्तिगत विविधताका सन्तुलन, भाषाको समसामयिक प्रयोग, स्तर, रुचि आदिलाई पनि ध्यान दिइएको देखिन्छ ।

कक्षा ६ मा विभिन्न विधागत पाठहरूको वितरण यस प्रकार रहेको पाइन्छः

| **क. सं.** | **विधा** | **पाठ्यसङ्ख्या (कक्षा ६)** |
|---|---|---|
| १. | कथा | ६ |
| २. | कविता | ३ |
| ३. | प्रबन्ध, निबन्ध | ४ |
| ४. | रूपक | २ |
| ५. | जीवनी | ३ |
| ६. | चिठी | २ |
| | जम्मा | २० |

त्यसैगरी, सङ्ख्यात्मक दृष्टिले कक्षा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा निम्नलिखित तालिका अनुसारका कथाहरू रहेको पाइन्छः

| क. सं. | प्रकार | संख्या |
|---|---|---|
| १. | लोककथा तथा नैतिककथा | ४ |
| २. | पौराणिक तथा ऐतिहासिक कथा | २ |
| | जम्मा | ६ |

# अध्याय तिन

# अध्ययनको विधि तथा प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा

प्रस्तुत अध्ययन यस कक्षा ६ को नेपाली (२०७०) पाठ्यपुस्तक उक्त तहको पाठ्यक्रम (२०६९) अनुरूप छ कि छैन, भाषिक पक्ष कस्तो रहेको छ, उद्देश्य अनुरुपका कथाहरू समाविष्ट छन् कि छैनन्, छनोट र स्तरण के कस्तो छ, मूल्याङ्कन प्रक्रिया कस्तो रहेको छ तथा उक्त कथाका अभ्यासहरू के कस्ता छन् भन्ने कुराममा केन्द्रित रहेको छ । त्यसैले यी सबै कुराहरूको अध्ययन विश्लेषणका क्रममा विभिन्न ढाँचामा तथा विधि आधारित भई गरिएको छ । जसमा पुस्तकालयीय विधि अपनाइएको छ । त्यस्तै पाठ्यक्रम र पाठ्यपुस्तक बीचको तालमेल हेर्नका लागि तुलनात्मक विधि तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ भने विभिन्न प्रश्नावली निर्माण गरी विषय शिक्षकहरूका उत्तरहरूलाई समेटी अनुसन्धानात्मक ढाँचाको पनि प्रयोग गरिएको छ ।

## ३.२ अध्ययनको जनसङ्ख्या र नमुना अध्ययन

अध्ययनको जनसङ्ख्या छनोट गर्ने क्रममा श्री सुकुना मा.वि इन्द्रपुर ३, श्री जनता मा.वि. इन्द्रपुर ८, द राइजिङ् इङ्लिस वोर्डिङ् स्कुल इन्द्रपुर ३, श्री जनता उ.मा. वि. हरैंचा ८ विद्यालयका विषय शिक्षकहरूलाई छनोट गरिएको छ । यस अध्ययनको नमुना छनोट प्रक्रियामा असम्भावना नमुना छनोट भित्रको उद्देश्यपूर्ण नमुना छनोट विधिलाई अपनाइएको छ । यसले अनुसन्धानको निश्चित उद्देश्य परिपूर्ति गर्ने काममा सहयोग गर्दछ । त्यसैले यो विधि अपनाइएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका सामग्रीहरू

कुनै पनि कार्य सम्पन्न गर्नका निमित्त त्यससँग सम्बन्धित विधिन्न सामग्रीहरूको आवश्यकता पर्दछ । त्यसैले यस शोधकार्यको अध्ययनका लागि पनि निम्न सामग्रीसङ्कलन गरियो:

यस शोध कार्यको अध्ययन विश्लेषणका लागि सामग्रीहरूको सङ्कलन गर्ने क्रममा यस शोधसँग सम्बन्धित विभिन्न प्रश्नावली निर्माण गरीयो । त्यस्तै गरी आधारभूत शिक्षा

पाठ्यक्रम २०६९ र पुराना पाठ्यक्रमहरू, सम्बन्धित तहको पाठ्यपुस्तक, सम्बन्धित सन्दर्भ पुस्तकहरू, टिपोट पत्रहरू तथा पूर्व शोध कार्यका टिपोट सामग्रीहरू सङ्कलन गरियो ।

### ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस शोध कार्य सम्पन्न गर्नका लागि तथ्याङ्कको सङ्कलन गर्ने क्रममा यसै विषय क्षेत्रसँग सम्बन्धित विभिन्न प्रश्नावलीको निर्माण गरी यसै क्षेत्र वरपरका चारवटा विद्यालयहरू (श्री सुकुना मा.वि. इन्द्रपुर ३, श्री जनता मा.वि. इन्द्रपुर ८, श्री जनता उ. मा. वि. हरैंचा ८, द राइजिङ् इङ्लिस वोर्डिङ् स्कुल इन्द्रपुर ३) मा शोध कर्ता स्वयं गई सम्बन्धित तहका विषय शिक्षकहरूसँगको उत्तरको खोजी गरियो । त्यस्तै गरी आधारभूत शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक तथा भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सान्दर्भिक पुस्तकहरू सम्बन्धित क्षेत्रबाट उपलब्ध गरियो । विभिन्न सन्दर्भ पुस्तक तथा पूर्व शोधका आवश्यक कुराहरूको टिपोट कार्य पुस्तकालयबाट गरियो ।

### ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत शोध कार्य सम्पन्न गर्नका लागि सङ्कलन गरिएका तथ्याङ्कहरूमा यस कक्षा ६ को नेपाली पाठ्यपुस्तकभित्र समाविष्ट कथाहरू पाठ्यक्रमका आधारमा व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ । कथाहरूको छनोट, स्तरण, उद्देश्य, क्षेत्र र क्रम, भाषिक सीप, अभ्यास, मूल्याङ्कन प्रक्रिया आदि विभिन्न कोणबाट कथाको अध्ययन तथा व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । त्यसै गरी विभिन्न सम्बन्धित शिक्षकहरू सँगका मत भिन्नता हरूलाई विश्लेषण गरी सबल र दुर्बल पक्ष पत्ता लगाई तिनीहरूको निराकरणका उपायहरूको खोजी गर्ने कार्य समेत गरिएको छ ।

यस शोध कार्यमा प्रश्नावली निर्माण गरी विभिन्न सम्बन्धित विषय शिक्षकहरू सँगका मतहरूलाई वा सङ्कलित उत्तरहरूका प्रतिलिपिहरूलाई र यस पाठ्यक्रमको क्षेत्र र क्रम तथा मूल्याङ्कन प्रक्रियालाई तालिकीकरण गरी परिशिष्टमा राखिएको छ ।

# अध्याय चार

# पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ६ को नेपाली (२०७०) पाठ्यपुस्तकमा समाविष्ट कथाको विश्लेषण

## ४.१ पठ्यक्रम अनुरूपताका आधारमा कथाको विश्लेषण

कथा शिक्षणको मुख्य उद्देश्य दि्यार्थीहरूमा कथानात्मक अभिव्यक्ति सीपको विकास गर्नु हो । कथानात्मक अभिव्यक्ति भन्नाले मौखिक तथा लिखित कथनलाई लिइन्छ । कथा शिक्षणका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चारै सीपको अभ्यास गराउनु पर्दछ । यस क्रममा कथा श्रवण, कथाकथन, कथाको अनुकृत लेखन आदि गराउन सकिन्छ । कथाका माध्यमबाट सस्वर पठन तथा मौनपठन, पठनबोध, प्रश्नोत्तर, बुँदा टिपोट, सारांश लेखन, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ प्रयोग, श्रुतिलेखन, अनुलेखन आदि जस्ता कार्यकलाप गराउनु पर्ने पाठ्यक्रममा उल्लिखित छ । २०६९ को पाठ्यक्रममा उल्लिखित कथाहरूमा लोककथा वा नीतिकथा, पौराणिक वा ऐतिहासिक कथा रहेका छन् । नीतिकथा तथा लोककथा अन्तर्गत गाउँ घरका प्रचलित लोक गाथामा आधारित परम्परागत लिखित वा अलिखित रूपले चल्दै आएका रोचक, ज्ञानवर्द्धक कथाहरू पर्दछन् । कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश भएका कथाहरूमा युक्ति सामु शक्ति टिक्दैन, युमादेवीको अवतरण जस्ता कथाहरू पर्दछन् । साने र ठूले, मानिस नै देवता जस्ता कथाहरूलाई सामाजिक कथाका रूपमा हेर्न सकिन्छ ।

ऐतिहासिक तथा पौराणिक कथा अन्तर्गत इतिहास, पुराण, वेद, महाभारत, रामायण आदिमा उल्लेख भएका इतिहास तथा धार्मिक विषयवस्तुमा आधारित प्राचीन परम्पराको गौरब बढाउने खालका वर्तमान युग चेतनालाई प्रतिबिम्वित गर्ने कथाहरू पर्दछन् । यस अन्तर्गत कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा युधिष्ठिरको परीक्षा, श्री कृष्णको पराक्रम जस्ता कथाहरू समाविष्ट छन् । यस पुस्तकमा लोककथाका रूपमा रहेको युमादेवीको अवतरण कथा भने ऐतिहासिक तथा पौराणिक दुवै विषयवस्तुलाई समावेश गरिएको देखिएको पाइन्छ ।

## ४.२ सीपगत दृष्टिले कथाको विश्लेषण

भाषा पाठ्यपुस्तकको मुख्य उद्देश्य भाषिक सीपको विकास गर्नु हो । भाषाका सीपहरू एक आपसमा अन्तरसबन्धित हुन्छन् । सुमाइ गलत किसिमको छ भने बोलाइ पनि गलत किसिमकै हुन्छ । सुनाइ र बोलाइ गलत भएमा पढाइ र लेखाइ पनि गलत हुन  जान्छ । कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूबाट पनि भाषाका सबै सीपहरूको विकास गर्न सकिन्छ ।

### क.सुनाइ सीप

सबै कथाहरू एकै प्रकारको कार्यकलापबाट सुनाइ सीपको विकास गर्न सकिन्छ भन्ने होइन । कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पनि फरक फरक ढाँचा किसिम तथा विषयवस्तुमा आधारित छन् । सुनाइ सीपको विकास गर्नका लागि श्रुतिलेखन, श्रुतिरचना, बुँदाटिपोट, श्रुतिबोधात्मक प्रश्नोत्तर आदि जस्ता कार्यकलापहरू कक्षा शिक्षणमा गराउन सकिन्छ । कथाहरू मनोरञ्जन प्रदान गर्ने खालका, कौतुहल जगाउने खालका र सुन्न मन पर्ने रोचक खालका एवम् सरल सुबोध भाषाशैली भएका हुनु महत्त्वपूर्ण हुन्छ । त्यस्ता कथाहरूलाई विद्यार्थीले आनन्द प्राप्त गर्दै ध्यानपूर्वक सुन्दछन् र सुनाइ सीपको विकास गर्दछन् ।

यस कक्षा ६ को युक्ति सामु शक्ति टिक्दैन, मानिस नै देवता, युमादेवीको अवतरण जस्ता कथाहरू विद्यार्थीले मनोरञ्जनात्मक तरिकाले श्रवण गरी वुझ्न सक्छन् । यस्ता कथाको सुनाइ सीपबाट श्रुतिबोधात्मक प्रश्नोत्तर गरेर विद्यार्थीहरूको बोध क्षमतामा बृद्धि गराउन सकिन्छ । त्यस्ता कथाहरू सुनेर विशुद्ध मनोरञ्जन प्राप्त गर्नु मात्र नभई कथाले दिन खोजेको मूल शिक्षा ग्रहण गर्नु पनि हुन्छ । त्यस्तै सुनाइ सीप विकासमा आधुनिक तथा वर्तमान युग चेतनालाई प्रतिबिम्वित गर्ने खालका पौराणिक विषयवस्तुमा आधारित कथाहरूबाट टेवा पुग्न सक्छ । त्यस्ता कथाहरू विश्लेषणात्मक सीप विकास गर्न सक्षम हुन्छन् । विश्लेषणात्मक सुनाबाट सम्बन्धित विषयको विवेचना विश्लेषण गर्नु , टीका टिप्पणी गर्नु , खण्डन गर्नु , आफ्नो पक्ष प्रस्तुत गर्नु आदि कार्यकलाप गराउन सकिन्छ । सुनाइमा विश्लेषणात्मकता यसको उच्चस्तरीय अपेक्षा हो । सुनाइमा सिर्जनात्मक क्षमताको विकासलाई बढाउने दृष्टि पनि यही हो । उक्त किसिमको सुनाइ क्षमतामा साना कक्षामा विद्यार्थीहरूमा ज्यादै कम मात्रामा विकास गर्न सकिन्छ । युधिष्ठिरको परीक्षा , श्रीकृष्णको

पराक्रम नामक पौराणिक कथाहरूबाट पनि विश्लेषणात्मक सुनाइ सीपको विकास गर्न सकिन्छ । उक्त कथाहरू एकाग्रभई सुनेर मनोरञ्जन लिनका साथै विश्लेषण क्षमतामा पनि वृद्धि गर्नुका साथै मनोरञ्जनात्मक सुनाइ सीप विकास गर्न सकिन्छ ।

यसरी समग्रमा हेर्दा कक्षा ६ को नेपाली किताबमा २ ओटा लोककथा भएकाले पूर्ण रचना पुष्टि गरेको पाइन्छ ।

**ख. बोलाइ सीप**

मौखिक अभिव्यक्ति सीपलाई बोलाइ सीप भनिन्छ । सबै कथाहरू बोलेर अभिव्यक्त गरिन्छ । बोलाइ सीप विकासका लागि कथा शिक्षणबाट प्रश्नोत्तर, कथाकथन, छलफल, घटना वर्णन, खास परिस्थिति वा समस्याबारे विचार व्यक्त गर्ने आदि जस्ता कार्यकलापहरू अपनाउन सकिन्छ । यसका लागि संवादशैलीयुक्त, मनोरञ्जपूर्ण, सरल भाषाशैलीयुक्त, (स्तर सुहाउँदो) थेगो निपात, उखान टुक्का आदिको समावेश भएका कथाहरू पर्दछन् । त्यस्ता कथाहरूले बोलाइ सीप विकासमा जोड दिन्छन् । बोलाइ आत्मप्रकाशनको सरलतम उपाय हो । बोलीलाई मानवीय व्यक्तित्व प्रकाशनको अभिन्न अङ्ग पनि भनिन्छ । कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा युक्ति सामु शक्ति टिक्दैन, मानिस नै देवता जस्ता कथाहरूम माथि उल्लेखित गुण पाउन सकिन्छ । उक्त कथाहरूभित्र समाविष्ट विषयका बारेमा कक्षामा छलफल गराइ निर्धक्क साथ नहडबडाई बोल्ने अभ्यास गराउन सकिन्छ । उक्त कथाहरूको माध्यमबाट बोध प्रश्नोत्तर गराई उनीहरूमा बोध क्षमताका साथै अभिव्यक्ति क्षमतामा वृद्धि गर्न सकिन्छ । उक्त मनोरञ्जनात्मक कथाहरू पढ्न वा भन्न लगाई प्रभावकारी किसिमको अभिव्यक्ति क्षमता विकास गर्न सकिन्छ । त्यसैगरी साने र ठूले , युमादेवीको अवतरण, मानिस नै देवता जस्ता कथाहरूबाट पनि बोलाइ सीप विकास गर्न सकिन्छ । उक्त कथाहरूबाट प्रश्नोत्तर, छलफल, वर्णन, कुनै खास परिस्थिति वा विचार व्यक्त गर्न लगाउने, परिचर्चा गर्न लगाउने आदि जस्ता क्रियाकलाप गराई बोलाइ सीपको प्रभावकारी विकास गर्न सकिन्छ । साने र ठूले, युमादेवीको अवतरण जस्ता कथाहरूमा संवादात्मक अभिव्यक्ति पाइन्छ । यस्ता कथामा भएका पात्रहरूबाट संवादात्मक अभिव्यक्ति क्षमता विकास गराउन सकिन्छ । आत्मलाप र संवदशैलीमा रचिएका युक्ति सामु शक्ति टिक्दैन, मानिस नै देवता जस्ता कथाहरूले मनोरञ्जनका साथै विविध पक्षको ज्ञान दिन सक्षम देखिन्छन् । यी कथाहरूको शैली सरल

छ । यिनमा निहित विषय पनि आर्कषक छन् । त्यसैले यी कथाहरूबाट बोलाइ सीप विकासका कार्यकलापहरू बोध, प्रश्नोत्तर, कथाकथन, संवाद आदि गराई बोलाइ सीप विकास गराउन सकिन्छ ।

यसरी समग्रमा हेर्दा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूमा संवादशैली निहित भएकाले लोक कथाहरू बोलाइ सीप विकासमा प्रश्रय दिने खालका छन् । जसबाट अभिव्यक्ति सीप प्रभावकारी रूपले मजबुत बनाउन सकिन्छ ।

**ग. पढाइ सीप**

पढाइ भनेको लिपिबद्ध भाषमा उतारिएको ज्ञान एवम् सूचनालाई आफ्ना मषितिष्कले ग्रहण गर्ने सीप हो । पढाइ सीप विकास गर्नका लागि पनि कथा विधा एक महत्त्वपूर्ण तत्व हो । पढाइ मुख्यतः दुई तरिकाले गर्न सकिन्छ । एउटा सस्वरपठन र अर्को मौनपठन । सस्वरपठन सीप विशेष गरी साना कक्षाका लागि महत्त्वपूर्ण हुन्छ भने मौनपठन अपेक्षितरूपमा ठूलो कक्षाका लागि महत्त्वपूर्ण मानिन्छ । पढाइ सीप विकासमा कथा विधाको ठूलो महत्त्व छ । कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पनि पढाइ सीप विकास गर्न अवश्य सक्षम रहेका छन् । पढाइ सीप विकासका लागि सस्वर र मौन पढाइका तरिकाहर अवलम्बन गर्न सकिन्छ । कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूमा युक्ति सामु शक्ति टिक्दैन, मानिस नै देवता युमादेवीको अवतरण जस्ता कथामा रमरम बौद्धिकता भए पनि विषयवस्तुरहस्यमय भएकाले सस्वर वाचन गराई ठीक तरिका वा ढाँचा मिलाई पढ्न लगाएर त्यस कथाभित्रबाट बोध प्रश्नोत्तर गराउन सकिन्छ । त्यसैगरी शब्दोच्चारणको शुद्धता जाँच गरी त्यसमा सुधार ल्याउन सकिन्छ । त्यस्तै युमादेवीको अवतरण जस्ता कथामा कौतुहल जगाउने विषयवस्तु र अलि गम्भीर भई विचार गरेर ज्ञान लिनु पर्ने जस्ता रोमान्टिक पाराका विषयवस्तु पनि सस्वर वाचन गराई सबै विद्यार्थीहरूको बोध, उच्चारण र ठीक तरिकाले पढ्ने सीप विकास गर्न सकिन्छ । कौतुहल, रहस्यमयात्मकता आदि जगाउने विषयवस्तु मौनपठन गराउँदा विद्यार्थीहरूमा आनन्द मानेर सबैलाई प्रभावकारी रूपमा पढेर सुनाउने इच्छा नपुगी अलि खल्लो नलाग्ला भन्न सकिन्न । त्यसैगरी यस पाठ्यपुस्तकमा युधिष्ठिरको परीक्षा, श्रीकृष्णको पराक्रम जस्ता पौराणिक कथाहरूबाट पनि पढाइ सीप विकास गर्न सकिन्छ । आधुनिक पाराले लेखिए पनि पुराण र इतिहासका विषय वा घटनामा आधारित भएकाले यी

कथाहरूमा समावेश भएका विषयहरू बढी बोध क्षमतामा बृद्धि ल्याउन सकिन्छ । यस्ता कथाहरूलाई सस्वरपठन भन्दा मौनपठन गराउने अभ्यास गराउन सकिन्छ । किनकि सस्वर पढाइबाट ठीकसँग यती र विराम चिन्हको ख्याल गरी पढ्न, शुद्ध वर्ण शब्दोच्चारण गर्न, पोख्त भएपछि विद्यार्थीहरूलाई बोध क्षमताको विकास गर्न मौन पढाइतिर प्रेरित गर्नु आवश्यक हुन्छ र एकैचोटी ठूलो कक्षामा गएर मौन पढाइको अभ्यास गर्न अप्ठ्यारो महसुस् हुन सक्छ ।

माथि उल्लिखित हास्यास्पद विषय पनि पाईंदैन । कथाको शैलीमा कथामा दिन खोजेको शिक्षा घटनाको बोध गराउन सकिने खालका कथा भएकाले मौखिक पठनको विकास गराई बोध क्षमता विकास गर्न सकिन्छ । त्यसैगरी साने र ठूले, मानिस नै देवता जस्ता नीति कथामा सामाजिक विषयवस्तुमा आधारित रहेर कथाका विभिन्न नीति नियमबारे उल्लेख भएको पाइन्छ । यस्ता कथाहरूमा सस्वरवाचन र मौनवाचन गराई पढाइ सीप विकास गराउन सकिन्छ । यस्ता कथाभित्र सामाजिक वैमनस्य, अन्तर्द्वन्द्वतथा समाज सुधारको चाहाना रहेको पाइन्छ । यस्ता कथाहरूलाई सस्वर पठन गरेर सबैको अगाडि ठीक सँगले वर्णन र शब्दको उच्चारण गरी सही किसिमले गति, यति र ढाँचा मिलाई धेरै जनाको बीचमा पढ्दा बढी प्रभावकारी र आनन्द लिन सक्ने देखिन्छ । यसका साथै मौनपठन गराई शुद्धोच्चारण अभ्यास गराउँदा पढाइ सीप विकास गर्न सकिन्छ । विद्यार्थीहरूलाई मनमनै पढ्न लगाई कथामा निहित भावको पहिचान गर्ने, मुख्य मुख्य बुँदाहरू पत्ता लगाउने, प्रस्तुत भावप्रति आफ्नो विचार प्रस्तुत गर्ने आदि जस्ता कार्यकलाप गराउन सकिन्छ ।

यसरी समग्ररूपमा हेर्दा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका सबै कथाहरूबाट पढाइ सीप विकास गर्न सकिन्छ । तल्ला कक्षाका निम्ति उपयुक्त मानिने सस्वरपठनलाई बढी प्रश्रय दिइएको भए ता पनि मौनपठन कला सीप विकास गर्न पनि प्रयासरत नै देखिन्छ ।

**घ. लेखाइ सीप**

सबै किसिमका कथाहरूबाट लेखाइ सीपको विकास गराउन सकिन्छ । कुनै कथाहरूबाट लेखन सीप विकासका एकथरी कार्यकलाप गराउन सकिन्छ भने कुनै कथाहरूबाट अर्काथरी कार्यकलापबाट लेखाइ सीप विकास गराउन सकिन्छ । किनकि कथामा रहेका विषयवस्तुका प्रस्तुति फरक फरक किसिमका हुन्छन् । लेखाइ सीप विकास गर्नका लागि कथा शिक्षणबाट

अनुभव वा घटना वर्णन, अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तरलेखन, बुँदा टिपोट, भाव विस्तार, सारांशलेखन, अनुच्छेदलेखन, कथालेखन आदि जस्ता क्रियाकलाप गराउन सकिन्छ । त्यसैगरी कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूबाट पनि लेखाइ सीप सकिन्छ । त्यस्ता कथाहरूबाट लेखाइ सीप विकासका विभिन्न कार्यकलापहरू गराउन सकिन्छ ।

युक्ति सामु शक्ति टिक्दैन, मानिस नै देवता आदि जस्ता कथाहरूबाट सिर्जनात्मक लेखाइ सीप विकास गर्न सकिन्छ । यी कथाहरूमा मनोरञ्जनात्मक विषय सामाजिक घटनावस्तुमा आत्मलापको प्रस्तुति पाइन्छ ।

यस्ता कथाहरूको माध्यमबाट आफ्नो समाजमा घटेका वा घट्न सक्ने त्यस्तै घटनालाइ कथावस्तु बनाई कथा लेखन प्रेरित गर्न सकिन्छ । यस्ता कथाहरूबाट प्रश्नोत्तरलेखन, कथालेखन भाव विस्तार, अनुभव लेखन आदि जस्ता कार्यकलाप गराई लेखन सीप विकास गर्न सकिन्छ । त्यस्तै युधिष्ठिरको परीक्षा, श्रीकृष्णको पराक्रम जस्ता पौराणिक कथाहरूबाट घटना वर्णन, अनुलेखन, प्रश्नोत्तर लेखन, बुँदा टिपोट, श्रुतिलेखन जस्ता कार्यकलाप गराई लेखाइ सीप विकास गराउन सकिन्छ । उक्त कथाहरू मौनपठन गराई प्रश्नोत्तर लेख्ने, मुख्य मुख्य बुँदा टिपोट गर्ने, भावार्थ लेख्ने, सङ्क्षेपीकरण गरी लेख्ने आदि जस्ता कार्यकलाप गराई लेखन सीप विकास गराउन सकिने देखिन्छ ।

यसरी समग्ररूपमा हेर्दा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा प्रश्नोत्तर, बुँदा टिपोट, अनुलेखन, भावविस्तार, सङ्क्षेपीकरण आदिजस्ता कार्यकलाप गराउने विषयवस्तु समावेश गरिएका कथाहरू पाइन्छन् । सिर्जनात्मक लेखन सीप विकास गराउन सकिने कथाहरूमा माथिका क्रियाकलाप गरिएतापनि यसको विकासको अपेक्षा भने पर्याप्त देखिन्छ ।

## ४.३ विषयवस्तुका आधारमा कथाको विश्लेषण

कक्षा ६ को नेपाली पाठ्यपुस्तक (२०७०) मा जम्मा ६ ओटा कथाहरू समावेश गरिएका छन् । जसमा लोककथालाई बढी प्रश्रय दिइएको पाइन्छ । कक्षा ६ को यस पाठ्यपुस्तकमा विशुद्ध आधुनिक कथाको उपस्थिति भने देखिएको पाईंदैन । कथाहरूलाई आ आफ्नो क्षेत्रमा वा विषयवस्तुलाई आधारित बनाएर हेर्दा निम्न प्रकारमा हेर्न सकिन्छ :

**क . पौराणिक कथा**

वेद, पुराण, महाभारत, रामायण आदिमा उल्लेख भएका धार्मिक विषयवस्तुमा आधारित प्राचीन परम्पराको गौरब बढाउने खालका आधुनिक तथा वर्तमान युग चेतनालाई प्रतिविम्बित गर्ने खालका कथाहरूलाई पौराणिक कथामा समावेश गरिएको पाइन्छ । यस्ता कथाहरू स्वदेशी र विदेशी दुवै स्रोतमा आधारित हुनु पर्ने कुरा पाठ्यपुस्तकमा उल्लेख गरिएको पाइन्छ । कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा युधिष्ठिरको परीक्षा र श्रीकृष्णको पराक्रम नामक कथाहरूसमावेश गरिएको पाइन्छ । यी कथाहरू माहाभारतमा उल्लेख भएका धार्मिक विषयवस्तुमा आधारित भएको देखिन्छ । त्यस्तै गरी अर्को यस कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश भएको लोककथा युमादेवीको अवतरण नामक कथा पनि कतै धार्मिक वा पौराणिक खालको देखिन्छ भने कुनै ऐतिकासिक विषयवस्तु पनि समावेश भएको पाइन्छ । एकातिर युमादेवी शीर्षकले नै देवी भगवतीको संज्ञा दिइएकाले यसमा शीर्षक नै धार्मिक कथाको रहेको देखिन्छ भने अर्कातिर किराँतराजाले राज्य गरको अवश्थाको चित्रण गरेकाले ऐतिहासिक कथा जस्तो पनि देखाइएको पाइन्छ ।

**ख. लोककथा**

गाउँघरमा प्रचलित लोकलयमा आधारित परम्परागत लिखित वा अलिखित रूपले चल्दै आएका रोचक एवम् ज्ञानबर्द्धक कथाहरू यस अन्तर्गत राखिएको पाइन्छ । खास गरी लिखित स्रोत नभेटाइएका लोकमा चलदै आएका कथाहरूलाई लोककथा भन्ने गरिन्छ । यस्ता कथाहरू साँस्कृतिक तथा राष्ट्रिय जनजीवनका रीतिरिवाजलाई प्रतिबिम्वित गर्ने खालका हुनु पर्दछ । स्वदेशी र विदेशी लोक कथाहरू क्रमशः मिलाएर राख्नु उचित देखिन्छ । यसबाट भाषिक सीपका अतिरिक्त राष्ट्रिय जनजीनका विविध पक्षहरू झल्काउने किसिमका पाठहरू समावेश गरिने र यसभित्र दन्त्य कथाहरू पनि समावेश गरिएका हुन्छन् ।

कक्षा ६ को यस नेपाली किताबमा समावेश गरिएका कथाहरूमा युक्ति सामु शक्ति टिक्दैन, मानिस नै देवता, युमादेवीको अवतरण जस्ता कथाहरू यस अन्तर्गत पर्दछन् । यस पाठ्यपुस्तकमा समाविष्ट कथाहरू मनोरञ्जनात्मक तथा रोचक तरिकाले शिक्षण गर्न सहज नै देखिन्छन् ।

### ग. ऐतिहासिक कथा

इतिहासमा घटित घटनाहरूको पृष्ठभूमिमा संरचित कथालाई ऐतिहासिक कथा भनिन्छ। यस अन्तर्गत राष्ट्रिय स्वाभिमान, गौरब र वीरताले भरिएका ऐतिहासिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परक्रम सम्बन्धी घटनामा आधारित कथाहरू समावेश गरिएका हुन्छन् । कक्षा ६ को नेपाली किताबमा विशुद्ध ऐतिहासिक कथा नभए ता पनि युमादेवीको अवतरण कथामा भने ऐतिहासिक पृष्ठभूमि झल्किएको पाइन्छ। किनकि राजा उवाहाङ्को मृत्युपछि राजकुमार माबोहाङ्लाई किराँत देशका राजा बनाई उनले राज्य गरेको समयमा नै युमादेवीसँगको भेट भएको र सपनामा राजालाई आशिर्वाद दिएको कुराले यसलाई ऐतिहासिक पृष्ठभूमि बोकेको कथा भन्न सकिन्छ।

त्यसैगरी युधिष्ठिरको परीक्षा नामक पौराणिक कथामा पनि पौराणिकभित्र पनि एउटा इतिहासमा घटेको घटनाका रूपमा लिन सन्किछ । यस कथामा धेरै पहिले इतिहासमा घटेको घटनालाई सानो कथाका रूपमा लिइएको पाइन्छ । यस कथामा पाँच पाण्डवहरू कौरवसँगको लडाईं र त्यसपछि युधिष्ठिरलाई सर्वश्रेष्ठ राजाका रूपमा लिइएको घटनाले पौराणिकभित्रको पनि ऐतिहासिक पृष्ठभूमि निहाल्न सकिने देखिन्छ।

### घ. नैतिक कथा

पञ्चतन्त्रका कथा, महाभारतका सामाजिक कथा आदिलाई पाठ्यपुस्तकमा नैतिक तथा सामाजिक कथाका रूपमा समावेश गरिएको पाइन्छ। यस पाठ्यपुस्तकमा समावेश गरिएका कथामा साने र ठूले, कथा नैतिक कथाका रूपमा लिन सकिन्छ । साने र ठूले कथामा समावेश भएको कथावस्तु समाजिक कथावस्तु हो । समाजमा घटेका वा घट्न सक्ने घटनाको यथार्थ चित्रण बोकेको यस कथाले मनोरञ्जन, आनन्द मात्र नभएर नैतिक शिक्षाको पनि विकास गराउने खालको शिक्षा दिएको पाइन्छ। यसका साथै परिश्रम गरेको फल मात्र मिठो हुन्छ भन्ने कुराको नैतिक चेतना उत्कृष्ट रूपमा रहेको पाइन्छ।

## ४.४ पाठ्यक्रमको क्षेत्र र क्रमका दृष्टिले सम्बद्ध कथाहरूको विश्लेषण

क्षेत्र भन्नाले विधामा समावेश हुने पाठहरू कुनकुन स्रोत वा विषयसँग सम्बन्धित र क्रम भन्नाले तिनलाई कुनपछि कुन राख्ने भन्ने बुझिन्छ। कथा विधाको क्षेत्र निर्धारण गर्दा एकै स्रोत विषयसँग सम्बन्धित कथाहरू मात्र पाठ्यक्रममा राखिए भने त्यसले निर्धारण

गरेका उद्देश्यहरू पुरा हुन सक्दैनन् । त्यसैले विविध क्षेत्रबाट विषयवस्तु सङ्कलन गर्नु असल पाठ्यक्रमको महत्त्वपूर्ण विशेषता मानिन्छ । उपयुक्त क्षेत्रको समाधान भएर मात्र पुग्दैन यसका साथै उपयुक्त क्रमिकताको निर्वाह गर्न पनि त्यतिकै ध्यान पुर्याउनु पर्ने देखिन्छ ।

उक्त कुराहरूलाई आधार मानी कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूलाई हेर्दा पाठ्यक्रमले निर्दिष्ट गरिएको क्षेत्र अनुसारकै कथाहरू समाविष्ट देखिन्छन्  तरपनि पाठ्यक्रमले नीतिकथा तथा लोककथा र ऐतिहासिक तथा पौराणिक कथा कक्षा ६ का निर्देश गरिएको पाइन्छ । त्यसमा सम्पूर्ण विषयवस्तुलाई समेटीनेगरी सबै खालका कथाहरूलाई छुट्टाछुट्टै किसिमले प्रस्तुत गरिएको खण्डमा अझ उचित हुने देखिन्छ । विद्यार्थीको बौद्धिक क्षमता तथा पूर्व ज्ञानलाई पनि मध्यनजर गर्दा, पौराणिक विषयवस्तुमा आधारित कथाहरू बढी मात्रामा देखिएको पाइन्छ । त्यस्तैगरी कुनै कथा कतै पौराणिक कतै ऐतिहासिक देखिए तापनि पछि गएर लोककथाका रूपमा देखिएको पाइन्छ । त्यसैले ऐतिहासिक, पौराणिक, लोककथा, नीतिकथा छुट्टाछुट्टै र स्पष्ट रूपमा प्रस्तुत गरिएको खण्डमा राम्रो हुने देखिन्छ ।

पाठ्यपुस्तकको सुधारात्मक पक्षलाई हेर्दा पुरानो पाठ्यपुस्तक भन्दा खासै फरक देखिँदैन । कुनै कुनै कथाहरू मात्र हेरफेर भएको तथा अभ्यास र मूल्याङ्कन खण्डमा भने केही मात्रामा सुधार भएको देख्न सकिन्छ । यसलाई अलि आधुनिक र व्यवस्थित तरिकाबाट अगाडि बढाउन सकेको खण्डमा भाषिक सी विकासमा अझ बढी प्रगति हुने देखिन्छ ।

त्यस्तै क्रमिकताका हिसाबले हेर्दा पहिले लोककथा , नीतिकथा र त्यसपछि पौराणिक, ऐतिहासिक कथा राखिनु राम्रो मानिन्छ । यस पाठ्यपुस्तकमा पनि सुरुमा लोककथा नै राखिए ता पनि बीचबीचमा छ्यासमिस नै देखिन्छन् । अझ भन्नु पर्दा सरलबाट जटिलताको क्रमलाई पनि त्यति ध्यान दिइएको देखिँदैन ।

२०६९ को पाठ्यक्रमकमा समाविष्ट विधाको क्षेत्र र क्रम निम्नानुसार रहेको पाइन्छः

विधाको क्षेत्र र क्रम तालिका (कक्षा ६)

(यहाँ तालिका परिशिष्टमा राखिएको छ )

### ४.५ छनोट र स्तरणका आधारमा कथाको विश्लेषण

जुनसुकै भाषको पनि औपचारिक शिक्षण गर्नका लागि पाठ्यवस्तुको छनोट र स्तरण विभिन्न दृष्टिले आवश्यक हुन्छ । सीमित समय र स्रोतबाट अधिक्तम लाभ प्राप्त गर्न जुनसुकै स्थितिमा विशेषतः प्राथमिक कक्षा र ती भन्दा माथिल्ला कक्षाहरूमा समेत नेपाली भाषा शिक्षणका सन्दर्भमा छनोट र स्तरणको आवश्यकता पर्दछ । पाठ्यपुस्तकको छनोट र स्तरण भौतिक वातावरण हेरी उपयोगी खालको हुनु आवश्यक देखिन्छ । पाठ्यक्रममा उल्लेख भएका विषयवस्तुहरूलाई विद्यार्थीको रुचि, आवश्यकता, उमेर, पूर्वज्ञान जस्ता कुराहरूलाई ध्यानमा राखेर मिलाउने कार्य स्तरण हो । पाठ्यवस्तुको स्तरणमा ज्ञातबाट अज्ञाततिर तथा सरलबाट जटिलतिर जाने क्रमिकता मिलेको छैनभने शिक्षकको शिक्षण प्रभावकारी नहुने तथा सिकाएको कुरा विद्यार्थीले छिट्टै विर्सने हुन्छ । पाठको प्रस्तुतीकरणमा पूर्वाधार सापेक्षता र पारस्परिक सम्बद्धताका आधारमा पहिलो पाठ, दोस्रो पाठका आधारमा बन्न सक्नु पर्ने हुन्छ । यसको प्रयोजन पहिलो पाठ भन्दा दोस्रो, दोस्रो भन्दा तेस्रो पाठ स्तरीकरण हुँदै जानु पर्ने हुन्छ । सुरुका पाठहरूमा कतिपय कुराहरूको पछिल्ला पाठहरूमा श्रृङ्खलाबद्ध आकृति हुँदै जानु पर्ने हुन्छ ।

भाषा शिक्षण तथा कथा शिक्षणमा पाठ्यक्रम तथा पाठ्यपुस्तकको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । निम्नमाध्यमिक तहको कक्षा ६ को नेपाली पाठ्यक्रम अन्तर्गत लोककथा वा नैतिककथा र ऐतिहासिक वा पौराणिक आदि क्षेत्रका कथाहरू समावेश गर्न निर्देश गरेको पाइन्छ । यस कक्षा ६ को नेपाली पाठ्यपुस्तकलाई हेर्दा पाठ्यक्रम अनुरूपका कथाहरू समावेश भएकै पाइन्छ । लोककथा अर्न्तगत युक्ति सामु शक्ति टिक्दैन, मानिस नै देवता त्यस्तै नीति कथा अन्तर्गत साने र ठूले त्यसैगरी, पौराणिक कथा अन्तर्गत युधिष्ठिरको परीक्षा, श्रीकृष्णको पराक्रम जस्ता कथाहरू समावेश गरिएका छन् । त्यस्तै अर्कोकथा युमादेवीको अवतरण ऐतिहासिक पृष्ठभूमिमा टेकेर पौराणिक शीर्षक बोकेको कथालाई पनि लोककथाकै रूपमा लिन सकिन्छ । त्यसैले छनोटका दृष्टिले उपयुक्त नै देखिन्छन् । कुनै कथाहरूअलि स्तरको हिसाबले जटिल देखिन्छन् । पौराणिक तथा ऐतिहासिक कथाहरूमा विद्यार्थीको पूर्वज्ञान नभएकाले त्यस्ता कथाहरू अलि जटिल बन्न सक्ने संभावना देख्न सकिन्छ । यसै सन्दर्भमा विषय शिक्षकहरूबाट लिइएको मतलाई हेर्दा पौराणिक कथा स्तरभन्दा केही जटील हुने कुरा स्पष्ट देखिएको पाइन्छ ।

### ४.५.१ उद्देश्य अनुरूपताका आधारमा कथाको विश्लेषण

भाषा पाठ्यक्रमले भाषा प्रयोगको सीप पक्षलाई बढी महत्त्व दिएको हुन्छ । सीप विकासका लागि गरिने भाषिक अभ्यासहरूबाट नै आवश्यक भाषिक सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) अनि शब्दभण्डार, व्याकरण र रचना कौशल जस्ता क्षमाताको विकास गर्ने उद्देश्य राखिन्छ । त्यस्ता उद्देश्यहरू पाठ्यपुस्तकको कथा विधामा प्रतिबिम्वित गरिएको पाइन्छ । यस पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य अनुरूपका कथाहरू राखिएका छन् कि छैनन् भनेर हेर्ने प्रयास प्रयास गरिएको छ । पाठ्यक्रमले अङ्गीकार गरेका सिकाइ उपलब्धिहरूलाई क्षेत्रगत रूपमा यसरी हेर्न सकिन्छः

**भाषिक सीपः**

सुनाइ, बोलाइ, सीप अन्तर्गत कक्षा ६ का लागि निर्दिष्ट पाठ्यक्रमले ९ ओटा उद्देश्यहरू राखेको पाइन्छ । त्यस्ता उद्देश्यहरूमा समान किसिमका वर्णहरू सुनेर तिनको शुद्ध र स्पष्ट गर्न, अरुले वर्णन गरेका कुराहरू सुनी बुझी आफ्ना शब्दमा व्यक्त गर्न, आफूले देखेका, सुनेकार पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलशिला मिलाई मौखिक वर्णन गर्न, कुराकानी, संवाद, छलफल, वादविवाद आदि सुनेर बुझ्न विभिन्न किसिमका वर्णन तथा अभिव्यक्ति सुनेर तिनका मुख्य मुख्य कुराहरू भन्न, साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी सुन्न र बुझ्न, कुराकानी, संवाद, प्रश्नोत्तर, वादविवाद, छलफल आदि जस्ता मौखिक अभिव्यक्तिहरूमा भाग लिने, आफूले भन्न चाहेका कुराहरूलाई शिष्ट भाषामा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी तरिकाबाट अभिव्यक्ति दिन सक्ने भन्ने खालका उद्देश्यहरू राखिएको पाइन्छ ।उक्त पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरू पनि सुनाइ सीपको विकास गराउन सक्ने देखिन्छन् ।

युक्ति सामु शक्ति टिक्दैन, मानिस नै देवता जस्ता कथाहरूबाट विद्यार्थीहरूले मनोरञ्जानात्मक तरिकाले सुनेर कथा बुझ्न सक्छन् र यस्ता कथाहरूबाट सुनाइ सीपको विकास गराउन सकिन्छ । युधिष्ठिरको परीक्षा, श्रीकृष्णको पराक्रम जस्ता पौराणिक कथाहरूबाट पनि विश्लेषणत्मक सुनाइ सीपको विकासका साथै उक्त कथा सुनेर श्रुतिबोधात्मक प्रश्नोत्तर गरी बोध क्षमताको विकास गराउन सकिने देखिन्छ ।

बोलाइ सीपको विकास गर्न सकिने कथाहरूमा साने र ठूले, युमादेवीको अवतरण जस्ता कथाहरूबाट प्रश्नोत्तर, घटना वर्णन, कुनै खास परिस्थिति वा समस्याबारे विचार व्यक्त गर्न लगाउने, परिचर्चा गराउने आदि जस्ता क्रियाकलाप गराई बोलाइ सीपको प्रभावकारी विकास गराउन सकिन्छ । त्यस्तै युक्ति सामु शक्ति टिक्दैन, मानिस नै देवता जस्ता कथाहरूबाट पवन बोलाइ सीपको विकास हुने देखिन्छ ।

पढाइ सीप अन्तर्गत कक्षा ६ को पाठ्यक्रमले पढाइ सीपलाई विकास गर्ने प्रयत्न गरेको देखिन्छ । पाठ्यपुस्तकमा लिखित सामग्रीहरूलाई गति, यति मिलाई स्पष्ट र शुद्धसँग सस्वर वाचन गर्ने, पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरू बुझ्न, पाठमा व्यक्त भएको भाव अनुसारको लय सुर र आघात मिलाई सस्वर वाचन गर्ने, विभिन्न उद्‌देश्यले लिखित सामग्रीहरूको मौन वाचन गर्न, विभिन्न विधाका पाठहरूको भाव ठम्याई विस्तार गर्न, विभिन्न विधाका पाठहरूबाट शब्दभण्डारको बृद्धि गर्ने रहेका छन् । पढाइ सीप अन्तर्गतका कथाहरूमा युक्ति सामु शक्ति टिक्दैन, मानिस नै देवता जस्ता कथामा स्मरण बौद्धिकता तथा कौतुहल जगाउने विषय वस्तु समावेश गरिएको पाइन्छ । त्यस्तै युधिष्ठिरको परीक्षा, श्रीकृष्णको पराक्रम जस्ता पौराणिक कथाहरूबाट पनि पढाइ सीपको विकास गराउन सकिने देखिन्छ । त्यस्तै गरी साने र ठूले जस्ता नैतिक कथा जुन सामाजिक विषयवस्तुमा आधारित छन् , जसबाट पनि पढाइ सीपको विकास गर्न सकिने देखिन्छ ।

लेखाइ सीप अन्तर्गत यस पाठ्यक्रमले दशओटा उद्‌देश्यहरू निर्धारण गरेको पाइन्छ । तिनीहरूमा उपयुक्त हिज्जे र वाक्यगठन मिलाई शुद्धसँग लेख्न, विभिन्न विषयहरूमा स्वतन्त्र रूपले स साना अनुच्छेद लेख्न, आफूले देखेका, सुनेका, पढेका, वस्तु वातावरण तथा घटनाका विषयमा मौलिकता दर्शिने गरी लिखित वर्णन गर्ने, मौखिक तथा लिखित अभिव्यक्तिको विस्तृतीकरण गरी लेखने, आफ्नो रुचि अनुसारको विषयमा स साना मौलिक रचना गर्ने, विशिष्ट अंशको भाव विस्तार गर्ने, स्तर अनुसारका विषयहरूमा सिलसिला मिलाएर अनुच्छेद, चिठी र निवेदन आदि उचित तरिकाले प्रयोग गर्ने, रुचि अनुसारका विषयहरूमा रचनात्मक अभिव्यक्ति दिने, सुनेका पढेका विषयवस्तुको सार लेख्न सक्ने जस्ता उद्‌देश्यहरू निर्देशित गरिएको पाइन्छ ।

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूबाट लेखाइ सीपको पनि विकास गराउन सकिन्छ । युक्ति सामु शक्ति टिक्दैन, साने र ठूले, मानिस नै देवता आदि

जस्ता कथाहरूबाट सिर्जनात्मक लेखन सीपको विकास गर्न सकिन्छ । जसमा प्रश्नोत्तर लेखन, कथा लेखन, भाव विस्तार, अनुभवलेखन आदि जस्ता क्रियाकलाप गराएर लेखन सीप विकास गर्न सकिन्छ । त्यस्तै युधिष्ठिरको परीक्षा, श्रीकृष्णको पराक्रम जस्ता पौराणिक कथाबाट पनि लेखन सीप विकास गराउन सकिन्छ । त्यस्ता कथाहरूबाट घटनाक्रम लेखन, बुँदा टिपोट, सारांशलेखन, लामो उत्तर, घटना वर्णन आदि जस्ता क्रियाकलाप गराई लेखन सीपको पवकास गराउन सकिने देखिन्छ ।

## ४.६ पाठ्यक्रम अनुरूपताका आधारमा मूल्याङ्कन प्रक्रिया

आधारभूत शिक्षा पाठ्यक्रम (६ ८) २०६९ ले मूल्याङ्कन प्रक्रियामा केही सुधारात्मक पक्ष भित्रिएको पाइन्छ । किनकि यस भन्दा अगाडिका मूल्याङ्कन प्रक्रियाहरूमा विषयगत मात्र लिइन्थ्यो भने यसमा वस्तुगत तथा प्रयोगात्मक मूल्याङ्कन पनि छुट्ट्याएको पाइन्छ । निर्माणात्मक र निर्णयात्मक गरी मूल्याङ्कन दुई किसिमबाट गरिएको पाइन्छ । कक्षा अन्तर्गतको निरन्तर मूल्याङ्कन निर्माणात्मक हुन्छ भने कक्षोन्नतिका लागि लिइने अन्तिम परीक्षा निर्णयात्मक हुन्छ । निरन्तर मूल्याङ्कन अर्न्तगत प्रयोगात्मक कार्य वा परियोजना कार्य, कक्षा सहभागिता, सिकाइ सम्बद्ध सिर्जनात्मक कार्य, कक्षा कार्य, उपलब्धि परीक्षा, सिकाइ व्यवहारमा आएको परिवर्तन आदि जस्ता पक्षलाई आवश्यकता अनुसार उपयोग गर्नुपर्ने हुन्छ । निर्माणात्मक मूल्याङ्कन अन्तर्गत विद्यार्थीहरूको कार्यकलापको निरीक्षण, व्यक्तिगत तथा सामूहिक छलफल, लिखित परीक्षा, हाजिरी जवाफ, प्रशनोत्तर, कक्षा कार्यको परिक्षण, भाषिक व्यवहारको रिन्तर अवलोकन र तिनको अभिलेखन जस्ता कुराहरू पर्दछन् । नेपाली भाषाको मूल्याङ्कनमा उद्देश्यमा उल्लिखित सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सीपको मापन गरिने व्यवस्था रहेको पाइन्छ । अपाङ्गता भएका, विशेष सिकाइ आवश्यकता भएका बालबालिकाहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउने व्यवस्था रहेको पाइन्छ । यस सन्दर्भमा विषय शिक्षकहरूका मतहरूलाई हेर्दा प्रयोगात्मक तथा निरन्तर मूल्याङ्कनलाई अझ बढी जोड दिनु पर्ने कुरा व्यक्त भएको पाइन्छ ।

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा ४० प्रतिशत भारको निरन्तर मूल्याङ्कन र ६० प्रतिशत भारको आवधिक मूल्याङ्कन गर्नुपर्ने व्यवस्था मिलाइएको पाइन्छ । त्यस्तै गरी सुनाइ र बोलाइका लागि २५ प्रतिशत प्रयोगात्मक मूल्याङ्कन गर्नुपर्ने प्रवधान रहेको

पाइन्छ । आवधिक मूल्याङ्कनका लागि संलग्न विशिष्टीकरण तालिकाको उपयोग गर्नु पर्ने हुन्छ । सुनाइ र बोलाइ तथा पढाइ र लेखाइ परीक्षाको उत्तिर्णाङ्क ४० प्रतिशत हुने व्यवस्था रहेको पाइन्छ । नेपाली विषयको प्रतिहप्ता पाठ्यभार ५८ र वार्षिक पाठ्यभार १७५ घन्टी हुने व्यवस्था गरिएको पाइन्छ ।

यसै अनुसार आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले तोकेको विद्यार्थीको मूल्याङ्कन प्रक्रियालाई तथा भाषिक मूल्याङ्कनका लागि निर्धारण गरिएको क्षेत्र र अङकभारको विवरण तालिका छुट्टाछुट्टै रूपमा यहाँ प्रस्तुत गरिएको छः

(यहाँ तालिका परिशिष्टमा राखिएको छ)

## ४.७ नमुना अभ्यासको विश्लेषण

### ४.७.१ अभ्यासगत विविधताको विश्लेषण

अभ्यासगत विविधताको दृष्टिले हेर्दा कक्षा ६ को नेपाली (२०७०) पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूमा फरक फरक किसिमले नमुना अभ्यास दिइएको पाइन्छ । यस पाठ्यपुस्तकमा पनि नमुना अभ्यासको संरचना फरक फरककिसिमको पाइन्छ यस पाठ्यपुस्तकमा समाविष्ट कथाहरूका नमुना अभ्यासहरू सबभन्दा पहिला छोटा र त्यसपछि लामा प्रश्नहरू तथा कसले कसलाई भनेको वा खाली ठाउँ भर्ने जस्ता प्रश्नहरू समावेश गरिएका छन् । त्यसपछि लामा छलफल गर्ने, व्याख्या गर्ने, स्पष्ट पार्ने आदि जस्ता लामा उत्तर आउने प्रश्नहरू समाविष्ट छन् । त्यसपछि शुद्ध उच्चारण, शब्दभण्डार, जोडा मिलाउने, शुद्धसँग सार्ने, ठीक बेठीक छुट्याउने, उखान टुक्काको प्रयोग गर्ने, व्याख्या गर्ने, अर्थ लेख्ने आदि अभ्यासहरू राखिएको पाइन्छ । त्यसपछि व्याकरण सम्बन्धी अभ्यासहरू राखिएका छन् । व्याकरण अन्तर्गत नाम, सर्वनाम, लिङ्ग, वचन, पुरुष, कारक, विभक्ति, श्रुतिसमभिन्नार्थ, काल, पक्ष, भाव, वाच्य आदि प्रकारका प्रश्न (अभ्यास) हरू समावेश गरिएको पाइन्छ । अन्त्यमा प्रत्येक नमुना अभ्यासको पछाडि सिर्जनात्मक प्रश्नहरू पनि राखिएको पाइन्छ ।

यसरी समग्रमा हेर्दा सबै किसिमका अभ्यासहरू समाविष्ट हुनुका साथै अन्त्यमा सिर्जनात्मक अभ्यास पनि समावेश गरिएकाले नमुना अभ्यास उपयोगी नै देखिन्छ । सबै कथाहरूको अभ्यासमा वस्तुगत प्रश्नहरू (जोडा मिलाउने, खाली ठाउँ भर्ने, ठीक बेठीक

छुट्याउने आदि) राखी विद्यार्थीहरूमा बोध क्षमता विकास गर्ने अभ्यास उपयुक्त नै देखिन्छन् । यति हुँदाहुँदै पनि सिर्जनात्मक अभ्यासमा अझ बढी जोड र अन्य अभ्यासलाई पनि अझ विविधता ल्याई अझ आधुनिक र व्यवस्थित गरिएको खण्डमा अझै राम्रो हुने देखिन्छ ।

### ४.७.२ सीपगत दृष्टिले अभ्यासको विश्लेषण

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश भएका विभिन्न कथाहरूका नमुना अभ्यासहरू फरक फरक ढाँचामा स्थापित देखिन्छन् । त्यस्ता अभ्यासहरूले भाषिक सीप ( सुनाइ, बोलाइ, पढाइ, लेखाइ) विकासमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । सबै नमुना अभ्यासहरू सीप केन्द्रित नै देखिन्छन् ।

कक्षा ६ को नेपाली (२०७०) पाठ्यपुस्तकमा समाविष्ट कथाहरूका अभ्यास अन्तर्गत प्रश्नोत्तर सबैमा देखिन्छ । प्रश्नोत्तरको कार्यकलापबाट बोलाइ, पढाइ, र लेखाइ सीप विकास गर्नमा सहयोग पुग्दछ । संवादात्मक अभिव्यक्ति युक्त कथाहरूको अभ्यासबाट बोलाइ सीपको विकास गर्न मद्दत पुग्दछ । पढाइ सीप विकासका कार्यकलापहरूमा यस पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूमा व्याख्या गर्ने, छोटो उत्तर दिने, वाक्यमा प्रयोग गर्ने, लामा प्रश्न गरी बोध प्रश्नहरू रहेको पाइन्छ । यसबाट विद्यार्थीहरू लेखाइ सीप विकास गर्न पनि सक्षम देखिन्छन् । कथाकथन सबै कथाहरूबाट गर्न सकिने हुनाले यसबाट बोलाइ सीपको विकासमा सहयोग पुग्दछ । सुनाइ सीप विकासका लागि प्रशस्त उखानटुक्काहरूको प्रयोग भएमा मनोरञ्जनात्मक, हाँस्यात्मक जस्ता कथाहरूले सहयोगी भूमिका खेलेको पाइन्छ । त्यस्ता कथाहरूमा पौराणिक तथा लोककथाहरू समावेश गरिएका छन् । पौराणिक कथाहरू बढी ज्ञानवर्धक हुनुका साथै यस्ता कथाभित्र समावेश गरिएका विषयवस्तु हास्यात्मक तथा आश्चार्यजनक भएकाले यस्ता कथा सुनेर केही मात्रामा भए पनि सुनाइ सीपको विकास गर्न सकिन्छ ।

कुनै पनि कुरा सुनेर त्यसमा निहित विभिन्न तथ्य वा पक्ष प्रति आफ्नो प्रतिक्रिया व्यक्त गर्नु वा त्यस विषयको विवेचना गर्नु, टीकाटिप्पणी गर्नु, खण्डनमण्डन गर्नु, आफ्नो पक्ष प्रस्तुत गर्नु , आदिलाई विश्लेषणात्मक सुनाइ मान्न सकिन्छ । विश्लेषणत्मक सुनाइ उच्चस्तरीय सुनाइ हो । यस्ता सुनाइबाट सिर्जनात्मक क्षमताको विकास गराउन सकिन्छ । यस्ता अभ्यासलाई हेर्दा कथा लेखन, लामो उत्तर लेखन, विवेचनात्मक लेखन वा

विबन्धात्मक लेखन गर्न पनि विश्लेषणात्मक सुनाइको आवश्यकता पर्न जान्छ । सुनाइ सीप विकासका कार्यकलापहरू छलफल गर्ने, व्याख्या गर्ने, मौखिक प्रश्नोत्तर गराउने प्रश्नहरू पनि समावेश गरिएको पाइन्छ । यसैगरी कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा पनि चारैओटा भाषिक सीप विकास प्रश्नहरू समावेश गरिएको देखिन्छ । त्यस्ता सबै किसिमका प्रश्नहरूबाट चारैओटा भाषिक सीप विकास गर्नमा मद्दत पुग्ने देखिन्छ ।

यसरी समग्र रूपम हेर्दा सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाष्कि सीप विकासमा कक्षा ६ को नेपाली (२०७०)पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूभित्र समाविष्ट नमुना अभ्यासहरू सक्षम नै देखिन्छन् । सीपगत हिसाबले भन्दा बोलाइ, पढाइ, र सुनाइ सीप विकास गर्ने अभ्यास पनि समावेश नै देखिन्छ भने लेखाइ सीपको विकासमा पनि केही मात्रामा अभ्यासहरू रहेकै देखिन्छन् । अझै प्रशस्त उदाहरण सहितका अभ्यासहरू र सिर्जनात्मक अभ्यासमा अझ बढी जोड दिन सकिएको खण्डमा सीपगत हिसाबले पाठ्यपुस्तक अझप्रभावकारी र सबल बन्न सक्ने देखिन्छ ।

### ४.७.३ सिर्जनात्मक अभ्यासको विश्लेषण

कथा शिक्षणका उद्देश्यहरूमा सिर्जनात्मक अभ्यासको विकास गराउनु पनि एक महत्त्वपूर्ण पक्ष मानिन्छ । सिर्जनात्मक अभ्यासहरू नमुना अभ्यासमा प्रशस्त मात्रामा समावेश गरेर सिर्जनात्मक सीपको विकास गराउन सकिन्छ । सिर्जनात्मक सीपको विकास कार्यकलापहरूमा कथालेखन, यात्रा वर्णन, दैनिकी लेखन, निबन्धखन, संवादलेखन आदि जस्ता कार्यकलापहरू गराउन सकिन्छ । त्यस्तै कथा लेखन, छलफल गर्ने, लामो उत्तर दिने खालका अभ्यासहरू पनि सीर्जनात्मक सीप विकास गराउन उपयोगी हुन्छन् । कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा पनि सिर्जनात्मक अभ्यासहरू समावेश गरी सिर्जनात्मक सीप विकास गराउने लक्ष्य राखिएको पाइन्छ । त्यसै अनुरूप यस कक्षा ६ को नेपाली किताबमा समावेश गरिएका कथाहरूमा भएका सिर्जनात्मक अभ्यासको विश्लेषण गरी हेरीएको छ ।

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूका नमुना अभ्यासहरूमा सिर्जनात्मक सीप विकास गर्ने कार्यकलापहरूमा कथा लेखनका अभ्यासहरू दिइएका छन् । त्यस्तै अन्य सहयोगी कार्यकलापहरूमा लामो उत्तर लेख्ने, व्याख्या गर्ने, तात्पर्य लेख्ने, छलफल गर्ने, भाव विस्तार गर्ने आदि जस्ता सिर्जनात्मक सीप विकास गर्न सहयोगी हुने प्रश्नहरू समावेश गरिएको पाइन्छ । यसै सन्दर्भमा विषय शिक्षकहरूका मतहरूलाई हेर्दा

अभ्यासमा बढी जोड दिनु पर्ने र सिर्जनात्मक अभ्यासको समयलाई वढी जोड दिनु पर्ने विचार व्यक्त गरेको पाइन्छ ।

यसै सन्दर्भमा अन्त्यमा के भन्न सकिन्छ भने यस्ता सिर्जनात्मक किसिमका अभ्यास वा प्रश्नहरूलाई अझ व्यापक, विस्तार, आधुनिक तथा व्यवस्थित गर्न सकिएको खण्डमा सिङ्गो नमुना अभ्यासको नै औचित्य पूरा हुने विश्वास लिन सकिने देखिन्छ ।

# अध्याय पाँच

# निष्कर्ष,सारांश र प्रयोग

## ५.१ निष्कर्ष

नेपाल सरकार पाठ्यक्रम विकासकेन्द्रद्वारा प्रकाशित आधारभूत शिक्षा पाठ्यक्रम (६-८) २०६९ को कक्षा ६ को नेपाली (२०७०) पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययनबाट निम्नलिखित निष्कर्षहरू निकालिएको छः

क) कक्षा ६ को नेपाली (२०७०) पाठ्यपुस्तकमा जम्मा ६ ओटा कथाहरू समाविष्ट छन् जसलाई शिक्षण गर्नका लागि विधागत रूपमा समय र अङ्क विभाजन गरिएको छ ।

ख) पाठ्यक्रमको उद्देश्य प्रतिविम्बित हुने गरी विधा तथा पाठहरूको चयन गरिनु पर्दछ । तर कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा राखिएका कथाहरू पूर्णरूपले पाठ्यक्रम अनुरूप चयन भएको देखिंदैन । किनकि पाठ्यक्रममा लोककथा तथा नीति कथा र ऐतिहासिक तथा पौराणिक कथा राख्ने निर्देशन भए तापनि पाठ्यपुस्तकमा लोककथा नीति कथा राखिएको छ तर पौराणिक कथा बढी मात्रामा रहेको देखिन्छ जसमा ऐतिहासिक कथा भने समावेश गरिएको देखिंदैन । कुनै कथामा भने एउटै कथाभित्र कतै ऐतिहासिक कतै पौराणिक जस्तो अस्पष्ट रूपका कथाहरू राखिएको पाइन्छ । त्यसैले पाठ्यक्रमले निर्देश गरे अनुरूप स्पष्ट विषयवस्तुको चयन नभएको देखिन्छ ।

ग) यस तहमा कथा शिक्षणको महत्त्व वा औचित्य भनेको भाषिक सीपको विकास गर्नु हो । साथै यसमा रहेका विभिन्न कमी कमजोरीहरू पहिल्याउनु हो । भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) विकासका दृष्टिले हेर्दा सुनाइ सीप विकासमा यस पाठ्यक्रम अनुसारका पाठ्यपुस्तकमा समावेश कथाहरू नै सक्षम देखिन्छन् ।

घ) सुनाइ सीप विकास गर्नका लागि यस कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूमा नीतिकथा तथा लोककथाले बढी सहयोगी भूमिका खेलेको देखिन्छ ।

ङ) बोलाइ सीपको स्थितिलाई हेर्दा यस तहमा शुद्ध र स्पष्ट उच्चारण गर्न लगाइएको छ तर अभ्यासहरूमा बोलाइ सीपलाई भन्दा बढी लेखाइ सीपलाई ध्यान दिइएको पाइन्छ । यस पाठ्यपुस्तकमा समाविष्ट कथाहरूमा लोककथा, नीति कथाले बोलाइ सीप विकासमा प्रश्रय दिने देखिन्छ ।

च) पाठ्यपुस्तकमा दिइएका अधिकांश व्याकरणका शीर्षकहरूमा शिक्षणीय दृष्टिले आगमन विधि अपनाइएको देखिए तापनि त्यति उपयुक्त भने देखिँदैन । यसमा प्रशस्त मात्रामा उदाहरणहरू को पनि अभाव देखिन्छ ।

छ) यस पाठ्यपुस्तकमा समाविष्ट कथाहरूलाई हेर्दा यस तहको स्तरमा समावेश गरिनु पर्ने भन्दा पौराणिक कथाहरू बढी रहेका देखिन्छन् ।

ज) यस कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका सबै कथाहरूबाट पढाइ सीपको विकास गर्न सकिन्छ । साना कक्षाका निमित्त उपयुक्त मानिने सस्वर पढनलाई बढी प्रश्रय दिइएको पाइन्छ ।

झ) लेखाइ सीप विकासका लागि कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको शिक्षणबाट लेखन सीप विकास गर्ने धेरै कार्यकलापहरू गर्न सकिन्छ । प्रश्नोत्तर, स्पष्ट पार्ने, भाव विस्तार, व्याख्या गर्ने, वाक्य पूरा गर्ने आदि जस्ता कार्यकलापहरूलाई समावेश गर्न सकिने देखिन्छ । यसका साथै सिर्जनात्मक अभ्यासहरू पनि समाविष्ट रहेका छन् । त्यस्ता अभ्यासहरूलाई अझ बढाउन सकेको खण्डमा उचित हुने देखिन्छ ।

ञ) विधागत दृष्टिले सम्बन्धित पाठ्यपुस्तकका अभ्यासको वितरणलाई हेर्दा नमुना अभ्यास, व्याकरणात्मक अभ्यास तथा सिर्जनात्मक अभ्यास सबै क्षेत्रलाई समेटिएको देखिन्छ । धेरै किसिमका प्रश्नहरू निर्माण गरी भाषा सिकाइका धेरै पक्षहरूलाई समेट्ने प्रयास गरिएको देखिन्छ । शब्दको अर्थ लेख्ने, शुद्ध उच्चारण गर्ने, शुद्ध गरी लेख्ने जस्ता अभ्यासहरू पनि समाविष्ट रहेको पाइन्छ । अभ्यासगत दृष्टिमा भने केही मात्रामा भए पनि सुधार भएको देखिन्छ ।

ट) सीपगत हिसाबले अभ्यासको विश्लेषण गरेर हेर्दा, भाषका सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को विकासमा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका

कथाहरूका अभ्यासहरूमा सबै सीप अर्थात् सबै भाषिक सीप विकास गर्ने किसिमका प्रश्नहरू समावेश भएको पाइन्छ । अभ्यासहरू सबै सीपको विकास गर्ने भए तापनि लेखाइ सीप विकास गर्ने अभ्यासहरू धेरै तथा पढाइ, बोलाइ र सुनाइका अभ्यासहरू थोरै मात्रामा रहेको पाइन्छ । लेखाइ सीप बढी मात्रामा समावेश गरिएको भए तापनि पढाइ, बोलाइ, र सुनाइ सीपको विकास गर्न यस तहको पाठ्यपुस्तकमा सिर्जनात्मक अभ्यासहरू समावेश गरी छलफल गर्ने, कथा भन्ने, घटना वर्णन गर्ने, वाक्यक्रम मिलाई कथा बनाई भन्ने, निर्देशनको सहयोग लिई कथा बनाई भन्ने आदि जस्ता क्रियाकलापहरूले बोलाइ, सुनाइ तथा पढाइ सीपको विकास गर्न सकिने देखिन्छ । त्यस्तै सारांश लेखने, उत्तर लेख्ने, कथा लेख्ने आदि जस्ता क्रियाकलापहरू तयार गरी भाषाका चारैओटा सीपहरूलाई समन्वयात्मक तरिकाबाट अगाडि बढाउन सकिने देखिन्छ ।

ठ) पौराणिक कथाबाट विश्लेषणात्मक सुनाइ हुने भएकाले र विद्यार्थीहरूलाई यस सम्बन्धी पूर्वज्ञान बढी नभएकाले पौराणिक कथालाई भन्दा लोककथा तथा नीति कथालाई नै बढी मान्यता दिनु उचित ठहरिने देखिन्छ ।

ड) सबै कथाहरूको सिर्जनात्मक अभ्यास एकै किसिमको देखिएको छ । त्यसैले त्यसमा अझ छुट्टाछुट्टै खालका अभ्यासहरू समेटिएको खण्डमा अझ प्रभावकारी हुने देखिन्छ ।

ढ) यस पाठ्यपुस्तकको मूल्याङ्कन प्रक्रियामा भने अलि सुधार भएको देखिन्छ । किनकि वस्तुगत, विषयगत, तथा निरन्तर मूल्याङ्कन पनि गर्ने व्यवस्था मिलाइएको पाइन्छ । यस प्रक्रियालाई अझ आधुनिक तथा व्यवस्थित तरिकाले अगाडि बढाउन सकिएको खण्डमा मूल्याङ्कन प्रक्रिया अझ प्रभावकारी हुने देखिन्छ ।

## ५.२ सारांश

प्रस्तुत शोधकार्य एम. एड. दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । उक्त शोधकार्य कक्षा ६ को नेपाली (२०७०) मा समाविष्ट कथाहरूको पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण र उक्त कथामा रहेका अभ्यासहरू

तथा तिनीहरूको मूल्याङ्कन प्रक्रियाको समेत विश्लेषण गरिएको छ र यी विभिन्न कोणहरूबाट गरिएका विश्लेषणहरूको निष्कर्ष समेत निकालिएको छ ।

प्रस्तुत शोध कार्यकोव्यख्या विश्लेषणगर्न पुस्तकालयीय विधि, पाठ्यक्रम र पाठ्यपुस्तक बीचको सम्बन्ध हेर्न तुलनात्मक विधि अपनाइएको छ । यसका साथसाथै यस शोधकार्यमा विभिन्न विद्यालयमा गई सम्बन्धित विषय शिक्षकहरूसँगको अभिमतहरूको जानकारीका लागि विभिन्न प्रश्नावली निर्माण गरी व्याख्या विश्लेषण सहित अनुसन्धानात्मक ढाँचामा प्रस्तुत गरिएको तथा सर्वेक्षण विधिको पनि प्रयोग गरी प्रस्तुत गरिएको छ ।

यस कक्षा ६ को नेपाली पाठ्यपुस्तक (२०७०) मा समाविष्ट कथाहरूमा पाठ्यक्रम अनुरूपका नै कथाहरू छनोट गरिएको भए तापनि स्तरणको कार्यमा भने अझै सुधारात्मक पक्षको आवश्यकता नै देदिन्छ । उक्त पाठ्यपुस्तकमा समाविष्ट ६ ओटा कथाहरूमा एकै विषय क्षेत्रका धेरै कथाहरू राखिनु भन्दा पनि सबै विषय क्षेत्रलाई समेटिनु राम्रो मानिन्छ । यस पाठ्यपुस्तकमा रहेका कथाहरूमा पौराणिक कथाहरू बढी मात्रामा समावेश भएको पाइन्छ । पाठ्यक्रमले निर्दिष्ट गरे अनुसार विशुद्ध ऐतिहासिक कथा भने देखिएको पाईंदैन । कतै ऐतिहासिक कतै पौराणिक जस्तो देखिने कथा लोककथाका रूपमा राखिएको पाइन्छ । एउटै कथामा सम्पूर्ण घटनाको समावेश गरिनु भन्दा छुट्टाछुट्टै रूपमा प्रस्तुत गरेको खण्डमा उपयुक्त हुने देखिन्छ । कथाहरूको छनोट गर्दा सबै क्षेत्र जस्तैः सामाजिक, नैतिक, राजनैतिक, पौराणिक, ऐतिहासिक, आधुनिक आदि विषयवस्तुलाई छुट्टै रूपामा प्रस्तुत गरिनु राम्रो देखिन्छ । उक्त पाठ्यपुस्तकमा समाविष्ट कथामा प्रयुक्त अभ्यासहरूलाई हेर्दा नमुना अभ्यासहरूमा प्रयोगात्मकतालाई अझ बढी प्रश्रय दिइएको खण्डमा उपयुक्त हुने देखिन्छ । त्यसैगरी, सिर्जनात्मक अभ्यासमा पनि अझ बढी जोड दिनु पर्ने देखिन्छ ।

नयाँ पाठ्यक्रम अनुसार यस पाठ्यपुस्तकमा समाविष्ट कथाहरूमा खासै परिवर्तन नदेखिए तापनि अभ्यास र मूल्याङ्कन प्रक्रियामा भने केही मात्रामा सुधारात्मक पक्ष देख्न सकिन्छ ।

## ५.३ प्रयोग

### (क) नीति निर्माताका लागि

प्रस्तुत अध्ययनमा कक्षा ६ को नेपाली (२०७०) पाठ्यपुस्तकमा समाविष्ट कथाहरूलाई पाठ्यक्रम अनुरूपताका आधारबाट विश्लेषण गर्दा नीति निर्माताहरूले निम्नलिखित कुराहरूमा सचेत रहनु पर्ने देखिन्छः

१. नेपाल सरकार पाठ्यपुस्तक तथा पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित अनिवार्य नेपाली कक्षा ६ को पाठ्यक्रमका आधारमा तयार गरी राखिएको वर्तमान भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधाका पाठहरू पाठ्यक्रम अनुरूप राख्नु पर्ने,

२. सुनाइ सीपलाई अझबढी प्रभावकारी गराउन लोक तथा आधुनिक कथाहरू बढी सहभागी गराउनु र यसका साथै मनोरञ्जन दिने तथा विभिन्न उखान टुक्काहरू समावेश भएका कथाहरू पनि समावेश गर्नु पर्ने,

३. बोलाइ सीपको विकास गर्न संवाद शैलीयुक्त कथाहरू जसमा निपात विस्मयादिबोधक आदि समाविष्ट कथाहरू राख्नु पर्ने,

४. सस्वर पठनको कार्यकलाप गराउन सजिलो हुने तथा मौनपठन सीप विकासमा पनि जोड दिन सक्ने कथाहरू समावेश गर्नु पर्ने,

५. लेखाइ सीप विकासका लागि पाठ्यपुस्तकमा समाविष्ट कथाहरूले राम्रै सहयोग पुग्ने देखिए तापनि अझ यसको विविध पक्षीय सुधार गर्नु पर्ने,

६. अभ्यासगत विविधताका दृष्टिले हेर्दा, सबै कथाका पाठहरूमा सबै किसिमका वस्तुगत प्रश्नहरू समावेश गर्नु पर्ने,

७. भाषाका सबै सीपहरूलाई समन्वयात्मक तरिकाले अगाडि बढाउन तथा अभ्यासहरूमा व्यापक विविधता ल्याउनु पर्ने,

८. भाषाका चारै सीपको विकास गराउने खालका सिर्जनात्मक अभ्यासहरूमा विविधता तथा अझ थप गर्नु पर्ने,

९. पाठ्यवस्तुको छनोट र स्तरण विद्यार्थीको रुचि, आवश्यकता, वातावरण, मातृभाषाको प्रभाव, राष्ट्रिय उद्देश्य आदिलाई ध्यानम राखेर गर्नु पर्ने,

१०.पाठमा प्रयोग भएका शब्द, वाक्य, अनुच्छेद, अभ्यास विद्यार्थीको स्तर र रुचि अनुसार राख्नु पर्ने,

११. कथाहरूको छनोट गर्दा सबै क्षेत्रहरू जस्तै समाजिक, नैतिक, राजनैतिक, पौराणिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक, आधुनिक आदि सम्पूर्ण विषयवस्तुलाई समेटिएका कथाहरू प्रस्तुत गर्नु पर्ने,

१२. कथामा घटनाको वर्णनका साथै आकर्षक चित्र तथा कथाको सुरुभागमा नै कथाकारको छोटो परिचय दिनु पर्ने,

१३. पाठ्यपुस्तकमा समाविष्ट व्याकरणहरू पाठसँग सम्बन्धित खालका राख्न तथा व्याकरणलाई भाषिक सीपसँग सम्बद्ध गराउनु पर्ने ।

**(ख) प्रयोग तहका लागि**

प्रस्तुत अध्ययन विश्लेषणले प्रयोग तहका लागि निम्न कुराहरूमा ध्यान दिनु पर्ने देखिन्छः

१. पाठ्यक्रमले निर्देश गरे अनुसार पाठ्यवस्तुमा समाविष्ट कथाहरूलाई सही तरिकाले शिक्षण गर्नु पर्ने,

२. भाषाका चारै सीपको विकासलाई मध्यनजर गर्दै उचित शिक्षण गर्नु पर्ने

३. अभ्यासात्मक दृष्टिले सिर्जनात्मक सीपको प्रभावकारी रूपमा विकास गर्नु पर्ने,

४. समय सापेक्ष र सान्दर्भिक रूपमा उपयुक्त हुने भाषाशैली र उदाहरणको प्रयोग उचित तरिकाले गरी विभिन्न विधि अपनाई प्रभावकारी रूपमा भाषिक सीपको विकास गर्ने गरी कथाहरूको शिक्षण गर्नु पर्ने,

५.पाठ्यक्रमको उपयोग नै नगरी कथाहरू आफूखुशी भन्ने र त्यससँग सम्बन्धित अभ्यास अर्थात व्याकरणात्मक तथा सिर्जतात्मक अभ्यासहरूलाई ध्यान नदिई

शिक्षण गर्ने बानिमा परिर्वतन गरी पाठ्यक्रम, शिक्षक निर्देशिका तथा पाठ्य सामग्रीको उचित सदुपयोग गर्ने बानीको विकास गराउनु पर्ने,

६. मूल्याङ्कन प्रक्रियामा एकै किसीमले नभई लिखित,मौखिक तथा प्रयोगात्मक परीक्षा विशिष्टीकरण तालिका अनुसार मूल्याङ्कन गर्ने बानीको विकास गर्नु पर्ने,

७.पाठ्यक्रमले तोके अनुसार शिक्षण गरी त्यसमा भएका सबल र दुर्बल पक्षको जानकारी सम्बन्धित निकाय समक्ष पुऱ्याउनु पर्ने ।

**(ग) भावी अध्ययनका लागि शीर्षकहरू**

१. कक्षा ६ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरूको विश्लेषण ।

२. कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको विश्लेषणात्मक अध्ययन ।

३. पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नयाँ तथा पुराना कविता विधाको विश्लेषणात्मक अध्ययन ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०५०). *नेपाली भाषा शिक्षण,* काठमाडौंः कुञ्ज प्रकाशन ।

अधिकारी, गोविन्दप्रसाद (२०५५). *कक्षा ६ को हाम्रो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन,* (अप्रकाशित शोधपत्र)ः त्रि. वि. किर्तिपूर काठमाडौं ।

अधिकारी, हेमाङ्गराज (२०५७). *नेपाली भाषा शिक्षणा, चौथो संस्कसण* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

आधारभूत शिक्षा पाठ्यक्रम (२०६९). पाठ्यक्रम विकास केन्द्र भक्तपुरः सानोठिमी ।

कोइराला, पुष्पा (२०६२). *कक्षा ६ को हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन,* ( अप्रकाशित शोध पत्र) त्रि. वि. किर्तिपूर काठमाडौँ ।

गौतम, गेहनाथ (२०५७). *मेरो नेपाली किताब कक्षा ५ र सजिलो नेपाली माला कक्षा ५ को तुलनात्मक अध्ययन,* महेन्द्ररत्न क्याम्पस ताहाचल (अप्रकाशित शोधपत्र) ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, नेपाली किताब कक्षा ६ भक्तपुर सानोठिमी ।

थापा, मोहन हिंमाशु (२०५०). *नेपाल साहित्य परिचय,* ललितपुरः साझा प्रकाशन ।

न्यौपाने, दीपकप्रसाद (२०७०). *नेपाली शिक्षा उपप्राध्यापक परीक्षा मार्गनिर्देशिका,* काठमाडौंः सनलाइट पब्लिकेशन ।

नेपाली (२०७०). *पाठ्यपुस्तक कक्षा ६, पाठ्यक्रम विकास केन्द्र* भक्तपुरः सानोठिमी ।

प्रधान, कृष्णचन्द्रसिंह र अन्य (२०५५). *नेपाली साहित्यकोश* ने. रा. प्र. प्र.।

पोखरेल, टिकादत्त (२०५०). *माध्यमिक तहको नेपाली अध्ययन,* त्रि. वि. शिक्षाशास्त्र नेपाली शिक्षा विभाग ।

पोखरेल, बालकृष्ण र अन्य (२०५८). *नेपाली बृहत् शब्दकोष,* नेपाली बृहत्कोष, ने. रा. प्र. प्र. ।

बन्धु, चुडामणि (२०५२). *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौंः रत्न पुस्तक भण्डार ।

भट्टराई, इलोमा (२०६१). *कक्षा ७ को नयाँ पाठ्यक्रम अनुसारको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन,* त्रि. वि.: नेपाली भाषा शिक्षण विभाग ।

भण्डारी, पारसमणि (२०६६). *नेपाली गद्य र नाटक,* काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* भोटाहिटी काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६३). *नेपाली भाषा साहित्य,* काठमाडौं: सनलाइट पब्लिकेशन ।

लामिछाने, यादवप्रकाश (सम्पा) पारसमणि भण्डारी र अन्य, (२०६६). *नेपाली गद्य र नाटक,* काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०६७). *नेपाली भाषा शिक्षण परिचय,* भोटाहिटी काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, राधाकुमारी (२०५८). *कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन,* त्रि. वि. नेपाली भाषा शिक्षण विभाग ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०). *नेपाली भाषा र साहित्य शिक्षण,* किर्तिपुर: न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

सुवेदी, राजेन्द्र (२०५७). *स्नातकोत्तर नेपाली कथा,* साझा प्रकाशन (सम्पादक) ।

**परिशिष्ट 'क'**

**विधाको क्षेत्र र क्रम**

| **क.स.** | **विधा** | **पाठ्यक्रम, २०६९** |
|---|---|---|
| १ | प्रवन्ध/निबन्ध | (क) सामाजिक/सांस्कृतिक<br>(ख) प्राकृतिक/ वातावरणीय<br>(ग) कलात्मक<br>(घ) वैज्ञानिक/प्राविधिक<br>(ङ) व्यवसायिक |
| २ | कथा | (क) लोक कथा<br>(ख) नीति कथा<br>(ग) पौराणिक/ऐतिहासिक कथा |
| ३ | जीवनी | राष्ट्रिय र अन्तराष्ट्रिय<br>(क) साहित्यकार/कलाकार<br>(ख) विद्वान्-विचारक<br>(ग) आविष्कारक<br>(घ) प्रेरक व्यक्तित्व |
| ४ | चिठ्ठी | (क) घरयासी<br>(ख) कार्यालयीय |
| ५ | रूपक | (क) संवाद<br>(ख) वादविवाद |
| ६ | कविता | लयवद्ध<br>(क) छन्दलय<br>(ख) लोकलय |
| ७ | व्याकरण<br>अ) पदसङ्गति | (क) लिङ्ग<br>(ख) पुरुष<br>(ग) वचन<br>(घ) आदार |

| | | |
|---|---|---|
| | आ) काल | (क) वर्तमान<br>(ख) भूत<br>(ग) भविष्यत् |
| | इ) पक्ष | (क) अपूर्ण<br>(ख) पूर्ण |
| | ई) अर्थ वा भाव | (क) सामान्यार्थ<br>(ख) आज्ञार्थ<br>(ग) संभावनार्थ |
| | उ) वाक्य परिवर्तन | लिङ्ग, वचन, पुरुष, करण अकरणका आधारमा |
| | ऊ) वाच्य परिवर्तन | |
| | ए) शब्दवर्ग | (क) नाम<br>(ख) सर्वनाम<br>(ग) विशेषण<br>(घ) क्रियापद |
| | ऐ) कारक र विभक्ति | (क) विभक्ति (ले, लाई,द्वारा,को, का, की,रो,रा, री, नो, ना, नि, देखि, बाट, मा)को प्रयोग |
| | ओ) लेख्य चिह्न | (क) पूर्णविराम<br>(ख) प्रश्नचिह्न<br>(ग) अल्पविराम<br>(घ) उद्गार चिह्न |
| | ओ) उच्चरण ( वर्णगत,शब्दगत) | क/ग, च/ज, ट/ड, त/द, प/ब, क/ख, च/छ, ट/ठ, त/थ<br>(क) कर/गर, चरा/जरा, टालो/डालो, तह/दह, पल/बल, पप/खप, चल/छल, टप/ठप, तल/थल, पर्सि/फर्सी जस्ता शब्द जोडेको उच्चारण |

| | | |
|---|---|---|
| | औ) वर्णविन्यास | पाठमा प्रयुक्त शब्दहरूका वर्णविन्यासको उपयुक्त प्रयोग, ह्रस्व,<br>(क) दीर्घ (इ,ई, उ, ऊ)<br>(ख) य/ए<br>(ग) ब/व<br>(घ) श/ष/स<br>(ङ) ग्याँ/ज्ञ<br>(च) ञ/ण/न<br>(छ) पदयोग-पदवियोग |
| ८ | शब्दभण्डार र उखा टुक्का (पाठमा प्रयुक्त शब्दहरूका साथै उखान र टुक्काहरू समेत) | (क) पर्यावाची शब्द<br>(ख) विपरितार्थी<br>(ग) श्रुतिसमभिन्नार्थी<br>(घ) परिभाषिक/प्राविधिक<br>(ङ) अनुकरणात्मक |

# परिशिष्ट ख

**प्रश्नावली**

कक्षा ८ को नेपाली

१) पाठ्यक्रमको उद्देश्य अनुरूप पाठ्यपुस्तकमा विधा र पाठ चयन गरिएको छ कि छैन ?

छ। नेपाली भाषाको विभिन्न क्षेत्रमा हुने प्रयोग लाई विविध विधाका पाठहरूबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइका कार्यकलापहरू गराउन सकिने गरी कथा, कविता प्रबन्ध / निबन्ध, रूपक, जीवनी, चिठी, व्याकरण र शब्द भण्डार लाई चयन गरिएको छ। यसरी भाषा शिक्षण विषयवस्तुको शिक्षण नभई ती विषयवस्तुका माध्यमबाट पा० क्र० को उद्देश्य अनुसार भाषिक सीप विकास गराउन विधा तथा पाठहरू उपयुक्त छन्।

२) उक्त पाठ्यपुस्तकमा समाविष्ट कथाहरू तहगत दृष्टिले उपयुक्त छन् कि छैनन् ?

कथा शिक्षण बाट भाषाका चारै सीपको अभ्यास गराइने र कथात्मक सीपको विकास गराउने हुँदा यस प्रयोजनका निम्ति कक्षा ८ को नेपालीमा समावेश गरिएका कथाहरू उपयुक्त छन्। सस्वर तथा मौनपठन, प्रश्नोत्तर, घटनाक्रम मिलाउने शब्दको शुद्धोच्चारण अर्थ र प्रयोग, श्रुतिलेखन आदि क्रियाकलापका लागि कथाहरू उपयुक्त छन्। परिलेखो नेपाली पा० पु० मा भाषिक उपयुक्तता चाहिँ प्रशस्तै भएकोले

३) उक्त पाठ्यपुस्तकमा समाविष्ट कथाहरू छनोट र स्तरणका दृष्टिले कति उपयुक्त छन् ? एकदमै छ।

लोककथा वा श्रुति परम्पराका कथाहरू विद्यार्थीहरूका लागि बढी रोचक हुन्छन्। कक्षा ८ मा भएका कथाहरू भेद अनुसार छन् :-

- लोककथा — ~~१~~ २ वटा (युधिष्ठिरको परीक्षा र ~~श्रीकृष्णको पराक्रम~~ रुप्पैन, साने र हुलेगुमाउनेको अन्तरण र
- पौराणिक कथा — २ (युधिष्ठिरको परीक्षा र श्रीकृष्णको पराक्रम)
- आधुनिक कथा १ वटा → (मानिस नै देवता)

(पौराणिक कथा)

लोक तथा अन्य कथाहरू सुनेपछि आफ्नै शब्दमा व्यक्त गर्ने, घटना र पात्रका विषयमा सिलसिलाबद्ध रूपमा वर्णन गर्ने, कथा सुनी मुख्य कुराहरू भन्ने, सस्वरवाचन गर्ने, प्रसङ्ग अनुसार हाउभाउ मिलाइ अभिनयात्मक प्रस्तुति गर्ने र कथाहरू पढी आफ्नो प्रतिक्रिया दिन सामान्यतया विद्यार्थीहरू सक्षम हुन्छन्। तसर्थ कक्षा ५ उत्तीर्ण गरेका विद्यार्थीको स्तर र उमेर रुचि अनुसार कथाहरू उपयुक्त छन्। ~~आधुनिक कथा~~ 'मानिस नै देवता' पनि लोककथा जस्तै घटना र विषयवस्तुमा भएकाले सरल र सहज छ।

४) उक्त पाठ्यपुस्तकमा पाठ्यक्रमले तोकेको क्षेत्र र क्रम अनुसारका कथाहरू छन् कि छैनन् ?

पा० क्र० ले तोकेको क्षेत्र -
लोककथा - ३-४ वटा
आधुनिक कथा - १-२ वटा
पौराणिक कथा - २-३ वटा भनेर उल्लेख गरे अनुसार क्षेत्र र क्रम मिलेको पाइन्छ।

५) उक्त कथामा रहेका नमुना अभ्यासहरू तथा सिर्जनात्मक अभ्यासहरू शिक्षणीय दृष्टिले कति उपयुक्त छन् ?

नमुना अभ्यासमा 'आफूले सुनेको कथा सुनाउनुहोस्' र सिर्जनात्मक अभ्यास अन्तर्गत नयाँ कथा प्रस्तुत गर्न लगाउने कार्य समय र उनीहरूको स्तर सुहाउँदो पाइँदैन। केही छोटा र अति प्रचलित लोककथा बाहेक विद्यार्थीहरूले कथा प्रस्तुत गर्न सक्दैनन् र प्रत्येकलाई कथा प्रस्तुत गर्ने समय दिन सकिँदैन।

६) उक्त पाठ्यक्रमले तोकेको मूल्याङ्कन प्रक्रिया कस्तो देखिन्छ ?

पाठगत प्रश्नहरू, बोध मूल्याङ्कनका लागि छोटा वा लामो उत्तर, सारांश भाव विस्तार/व्याख्या र निर्देशित वा स्वतन्त्र रचना, शब्द भण्डार र व्याकरण सबैको समेत एकदम गाह्रो सीपको मूल्याङ्कन केवल लिखित परीक्षाबाट गरिने व्यवस्था छ। तर नेपालीमा मौखिक परीक्षाको व्यवस्था हुन आवश्यक छ। किनभने भाषाका बोलाइ र सुनाइ सीपको सही मूल्याङ्कन

७) उक्त कथा तथा पाठ्यक्रमलाई विश्लेषण गर्दा सल्लाह र सुझाव केही छन् कि ? उक्त पुस्तिकामा पाइँदैन।

- मूल्याङ्कनमा मौखिक सुनाइ-बोलाइका लागि ४०% अङ्क छुट्याउन आवश्यक छ।
- कथाका माध्यमबाट भाषिक सीप विकासका लागि अपनाउन सकिने कार्यकलापहरूका लागि कथा उपयुक्त छन्।
- कथामा चित्रहरू समेत दिदा त्यसको अमिट छाप विद्यार्थीहरूमा पर्ने थियो।

माधवप्रसाद
(माधवप्रसाद दाहाल)
नेपाली विषय शिक्षक कक्षा ६/२०६०

कक्षा ६ को नेपाली

## प्रश्नावली

१) पाठ्यक्रमको उद्देश्य अनुरूप पाठ्यपुस्तकमा विधा र पाठ चयन गरिएको छ कि छैन ?

पाठ्यक्रमको उद्देश्य अनुरूप कक्षा ६को नेपाली किताबमा कथा, कविता, जीवनी, प्रबन्ध, संवाद, चिठी र वादविवाद आदि समावेश गरिएको पाइन्छ।

२) उक्त पाठ्यपुस्तकमा समाविष्ट कथाहरू तहगत दृष्टिले उपयुक्त छन् कि छैनन् ?

उक्त पाठ्यपुस्तकमा समाविष्ट कथाहरू तहगत तथा उक्त कक्षाको स्तर अनुरूप नै राखिएको र यो तहका विद्यार्थीहरूका लागि उपयुक्त देखिन्छन्।

३) उक्त पाठ्यपुस्तकमा समाविष्ट कथाहरू कथानक र स्वरूपका दृष्टिले कति उपयुक्त छन् ?

उक्त पाठ्यपुस्तकमा समाविष्ट कथाहरू कथानक र स्वरूपका दृष्टिले उपयुक्त नै देखिन्छन् किन कि उक्त पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूमध्ये 'साने र हुर्के' कथाले ग्रामीण जनजीवनको यथार्थ चित्रण, 'युधिष्ठिरको परीक्षा'ले मानवीय जीवनका लागि उपयुक्त बाटोको सार दिनुका साथै प्रतीकात्मक माध्यमबाट नैतिकताको आचरण अवलम्बन गर्नुपर्ने सन्देश दिएको साथै 'धनदेवीको अवतरण' कथाले सरल भाषामा हुनुपर्ने नैतिक तथा चारित्रिक आचरण कस्तो हुन्छ भन्ने सन्देश दिएकोले कथानक र स्वरूपका दृष्टिले सबै पक्षलाई समेटेको पाइन्छ।

४) उक्त पाठ्यपुस्तकमा पाठ्यक्रमले तोकेको क्षेत्र र क्रम अनुसारका कथाहरू छन् कि छैनन् ?

उक्त पाठ्यपुस्तकमा पाठ्यक्रमले तोकेको क्षेत्र र क्रम अनुसारका कथाहरू समाविष्ट गरेका देखिन्छन्।

५) उक्त कथामा रहेका नमुना अभ्यासहरू तथा सिर्जनात्मक अभ्यासहरू शिक्षणीय दृष्टिले कति उपयुक्त छन् ?

कक्षा ६ को उक्त नेपाली पाठ्यपुस्तकको कथा विधा अन्तर्गत राखिएका अभ्यासहरूमा शिक्षणीय दृष्टिले उपयुक्त देखिएता पनि सिर्जनात्मक अभ्यासहरू अझ बढी समावेश गरिएमा गरेर सिक्ने विद्यार्थीलाई अझ सेवा पुग्ने महसुस गरिएको छ।

६) उक्त पाठ्यक्रमले तोकेको मूल्याङ्कन प्रक्रिया कस्तो देखिन्छ ?

उक्त पाठ्यक्रमले तोकेको मूल्याङ्कन प्रक्रिया अनुसार त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक परीक्षा अर्थात् आवधिक परीक्षालाई बढी जोड दिएको पाइन्छ। यस प्रक्रियाबाट मात्र मूल्याङ्कन गर्दा निर्णयात्मक मूल्याङ्कनलाई मात्र जोड दिएको हुनाले यो मात्र उपयुक्त नभएर निर्माणात्मक मूल्याङ्कनलाई बढी जोड दिनको लागि निरन्तर मूल्याङ्कनको प्रक्रिया अपनाइनु पर्दछ।

७) उक्त कथा तथा पाठ्यक्रमलाई विश्लेषण गर्दा सल्लाह र सुझाव केही छन् कि ?

अन्त्यमा प्रस्तुत पाठ्यपुस्तकमा कथा लगायत अन्य विधाहरू स्तर अनुसार नै छन्। तर उक्त पाठ्यपुस्तकमा राखिएका कविता विधाहरू अझै कतिपय कक्षा ६ को स्तरभन्दा माथिल्लो स्तरका भएकाले स्तरयुक्त कविता राख्नुपर्ने सुझाव दिइन्छ।

(विनोदकुमार थापामगर)
(विषय शिक्षक)

हिरालाल साह
प्राचार्य

कक्षा ६ को नेपाली

**प्रश्नावली**

१। पाठ्यक्रमको उद्देश्य अनुरूप पाठ्यपुस्तकमा विधा र पाठ चयन गरिएको छ कि छैन ?

कक्षा ६ को नेपाली पाठ्यपुस्तक नयाँ परिवर्तित पाठ्यक्रमको उद्देश्य अनुरूप निम्न विधाहरु चयन गरिएका छन्।
कविता-३, कथा-६, प्रबन्ध-४, संवाद-वार्तालाप-१,१, जीवनी, निबन्ध-२,१.

२। उक्त पाठ्यपुस्तकमा समाविष्ट कथाहरू तहगत दृष्टिले उपयुक्त छन् कि छैनन् ?

यहाँ नयाँ परिवर्तित पाठ्यक्रमानुसार तयार गरिएको कक्षा ६ को नेपाली पाठ्यपुस्तकका कथाहरु तहगत दृष्टिले उपयुक्त नै देखिन्छन्।

३। उक्त पाठ्यपुस्तकमा समाविष्ट कथाहरू छनौट र स्तरणका दृष्टिले कति उपयुक्त छन् ?

कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधाहरु छनोट र स्तरका दृष्टिले बोधगम्य खालका, सांस्कृतिक परम्परा झल्किने, आध्यात्मिक चिन्तन का विरुद्ध गैर प्रकृतिका रहेका छन्।

४) उक्त पाठ्यपुस्तकमा पाठ्यक्रमले तोकेको क्षेत्र र क्रम अनुसारका कथाहरू छन् कि छैनन् ?

कक्षा ६ को नेपाली पाठ्यपुस्तक पाठ्यक्रमले तोकेको क्षेत्र र क्रम अनुसार को कथा विधाहरू छन् ।

५) उक्त कथामा रहेका नमुना अभ्यासहरू तथा सिर्जनात्मक अभ्यासहरू शिक्षणीय दृष्टिले कति उपयुक्त छन् ?

कथा विधामा रहेका नमुना अभ्यास तथा सिर्जनात्मक अभ्यासहरू विद्यार्थीहरूको स्तर अनुरूप समय सापेक्ष र शिक्षणीय दृष्टिले फाइदाजनक नै देखिन्छन् ।

६) उक्त पाठ्यक्रमले तोकेको मूल्याङ्कन प्रक्रिया कस्तो देखिन्छ ?

यस पाठ्यक्रमले तोकेको मूल्याङ्कन प्रक्रिया निर्माणात्मक र निर्णयात्मक प्रणाली रहेको पाइन्छ । जसमा मूल्याङ्कन हुनुपर्ने हो सोही अनुसार नगई उद्देश्यकेन्द्रित स्तरीय, वस्तुगत निर्णयले सही मूल्याङ्कन नगरेको पाइन्छ ।

७) उक्त कथा तथा पाठ्यक्रमलाई विश्लेषण गर्दा सल्लाह र सुझाव केही छन् कि ?

हरेक विधा र पाठहरू कक्षा ६ का विद्यार्थीहरूको स्तर अनुरूप सरल नै पाइए तापनि कविता विधा अन्तर्गतको स्वाभिमानी मुक्तक (कविता) चाहिँ स्तर अनुकूल नभएको पाइयो ।

विषय शिक्षक : गोमा कोइराला ।

Head... माता माध्यमिक विद्यालय ... स्था. २०१३

**प्रश्नावली**

कक्षा ६को नेपाली

१) पाठ्यक्रमको उद्देश्य अनुरूप पाठ्यपुस्तकमा विधा र पाठ चयन गरिएको छ कि छैन ?

पाठ्यक्रमको उद्देश्य अनुरुपनै विधा र पाठको चयन भएको छ।

२) उक्त पाठ्यपुस्तकमा समाविष्ट कथाहरू तहगत दृष्टिले उपयुक्त छन् कि छैनन् ?

यस पाठ्यपुस्तकमा रहेका कथाहरु तहगत रुपमा स्तरीयनै देखिन्छन् तर पनि पौराणिक कथा भने अति कठिन देखिन्छन्।

३) उक्त पाठ्यपुस्तकमा समाविष्ट कथाहरू छनौट र स्तरणका दृष्टिले कति उपयुक्त छन् ?

उक्त कथाहरु छनौटका दृष्टिले उपयुक्तनै भएतापनि स्तरणमा भने ध्यान पुऱ्याउनु पर्ने देखिन्छ।

४) उक्त पाठ्यपुस्तकमा पाठ्यक्रमले तोकेको क्षेत्र र क्रम अनुसारका कथाहरू छन् कि छैनन् ?

उक्त कथाहरू पाठ्यक्रमले तोकेको क्षेत्र र क्रम अनुसार नै देखिदैनन् ।

५) उक्त कथामा रहेका नमुना अभ्यासहरू तथा सिर्जनात्मक अभ्यासहरू शिक्षणीय दृष्टिले कति उपयुक्त छन् ?

उक्त कथाका अभ्यासहरूमा आगमन विधि अपनाइएको छ तर अझै प्रशस्त मात्रामा उदाहरणको कमी तथा सिर्जनात्मक अभ्यासमा अझै जोड दिनुपर्ने देखिन्छ ।

६) उक्त पाठ्यक्रमले तोकेको मूल्याङ्कन प्रक्रिया कस्तो देखिन्छ ?

मूल्याङ्कन प्रक्रियामा भने केही मात्रामा सुधारात्मक देखिएको छ।

७) उक्त कथा तथा पाठ्यक्रमलाई विश्लेषण गर्दा सल्लाह र सुझाव केही छन् कि ?

उक्त पाठ्यक्रमलाई अझ आधुनिक तथा व्यवस्थित गरी विभिन्न विधि प्रविधि अपनाई प्रस्तुत गरेको खण्डमा अझ प्रभावकारी हुने देखिन्छ।

PRINCIPAL
THE RISING E.B.SCHOOL

Subject Teacher Milan Bhattrai

**परिशिष्ट ग**

**भाषिक क्षेत्र र अङकभार विवरण तालिकाका आधारमा यी दुई पाठ्यक्रमको तुलना**

**२०६९**

| **क्षेत्र (पढाइ र लेखाइ)** | **विधा** | **अङ्क** |
|---|---|---|
| १) शब्दभभण्डार | शब्दार्थ<br>शब्द पहिचान<br>शब्दहरूको वाक्यमा प्रयोग | १० |
| २) वर्ण विन्यास | शुद्धीकरण | ४ |
| ३) व्याकरण | पहिचान र प्रयोग (वाक्य कोटि अनुसारको रचना) | १५ |
| ४) बोध (दृष्टांश) | विभिन्न विधाका गद्य सामग्री | ५ |
| ५) बुँदा टिपोट र सारांश (दृष्टांश) | गद्य विधा | २+३ |
| ६) निर्देशित रचना | कथा/जीवनी वा संवाद/वादविवाद/चिठी | ४ |
| ७) भाव विस्तार/व्याख्या | कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी | ४ |
| ८) पाठगत प्रश्नोत्तर | (क) कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी<br>(ख) तार्किक शिल्प/समस्या समाधान | ८<br>४ |
| ९) विवेचना | कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी | ८ |
| १०) स्वतन्त्र चरना | निबन्ध | ८ |
| | जम्मा | ७५ |